ट्रान्साटलान्टिक क्षेत्रको तनाव कम गर्न... | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ३०६ • २०८१ साल चैत २१ गते विहीबार (3 April, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।–

# बिना निष्कर्ष प्रदेशसभा सर्वदलीय बैठक

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसभामा देखिएको अवरोध हटाउनका लागि बसेको बैठक बिना निष्कर्ष सम्पन्न भएको छ। बुधबार बोलाइएको सर्वदलीय बैठकमा सत्तापक्ष र विपक्षी दल आफ्नो अडानमा कायम नै रहे पछि बिना निष्कर्ष सर्वदलीय बैठक सम्पन्न भएको छ।

विपक्षी दलहरुले विभिन्न विषयमा छानबिन समिति गठन गर्ने माग गर्दै बैठक अवरुद्ध गरेको थियो। सो अवरोध हटाउन चैत १२ गते बोलाइएको सर्वदलीय बैठक निष्कर्ष नटुंगिए पछि सदन नै अनिश्चितकालका लागि स्थगित भएको थियो।

> विपक्षी दलहरुले विभिन्न विषयमा छानबिन समिति गठन गर्ने माग गर्दै बैठक अवरुद्ध गरेको थियो । सो अवरोध हटाउन चैत १२ गते बोलाइएको सर्वदलीय बैठक निष्कर्ष नटुंगिए पछि सदन नै अनिश्चितकालका लागि स्थगित भएको थियो ।

सो अवरोधलाई हटाएर पुनः प्रदेशसभा बैठक सूचारु गर्न सभामुख रामचन्द्र मण्डलले सबै दलहरुबीच बुधबार छलफलका लागि बोलाएको थियो। तर सो बैठक भने बिना निष्कर्ष सम्पन्न भएको नेकपा माओवादी केन्द्र मधेश प्रदेशका संसदीय दलका नेता भरतप्रसाद साहले जानकारी दिए।

विपक्षी दलले चैत १० गतेको बैठकमा योजना खरिद बिक्री भइरहेको, मुख्यमन्त्री सतीशकुमार सिंहले कुटनीतिक मर्यादा विपरीत भारत भ्रमणमा गएको, सशर्त अनुदान लगायतको विषयमा छानबिन गर्न संसदीय छानबिन समिति गठन गर्नुपर्ने भन्दै बैठक अवरुद्ध गरेको थियो।

संसदीय दलका नेता साहले सत्तापक्ष आफ्नो अडानमा रहेपछि छलफल बिना निष्कर्ष बैठक सकिएको बताए।

उनले आफुहरुले छानबिन समिति गठन गर्नु पर्ने मागमा कायमै रहेको बताए। तर सत्तापक्षले प्रश्न उठेका सम्बन्धित मन्त्रीले पहिला सदनमा जवाफ दिनुपर्ने अडान कायमै रहेको बताए। नेता साहले छानबिन समिति नै गठन गनु पर्ने आफूहरुको अडानमा रहेको बताए।

## मधेशी मोर्चाको घोषणा सभा आज

# कार्यदलमा रहेका केही दल असन्तुष्ट, मोर्चा घोषणा समयमै हुने दाबी

**टुडे समाचारदाता**

काठमाण्डु। जनता प्रगतिशिल पार्टीको प्रयासमा गठन हुन लागेको मधेश केन्द्रित दलहरूको मोर्चा अलपत्र परेको छ।

मोर्चा घोषणाका लागि बिहीबार नयाँ बानेश्वरको थापागाउँ स्थित काठमाण्डु ब्यांकेटमा समाचार संकलनका लागि सञ्चारकर्मीहरुलाई दिउँसो ३ बजेका लागि निम्तो गरिएको छ। तर घोषणा सभामा जनमत पार्टी र जनता समाजवादी पार्टी(जसपा) सहभागी नहुने जनाएका छन्।

मोर्चाको संयोजकमा जनता समाजवादी पार्टी(जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवको नाममा कार्यदलले सहमति कायम गरी बिहीबार घोषणाको कार्यक्रम राखेको थियो। तर जसपाका अध्यक्ष अशोक राई र जनमत पार्टीका अध्यक्ष डा.सी.के.राउतले असहमति जनाएका छन्।

संसदमा ठूला दलका अध्यक्षले संयोजकत्वको भूमिका निर्वाह गर्नुपर्ने अथवा आलोपालो संयोजक गर्ने शर्त जसपा र जनमत पार्टीले राखेपछि घोषणाको कार्यक्रम अन्योलमा परेको छ। जसपाका उपमहामन्त्री समेत रहेका खानेपानी मन्त्री प्रदीप यादवले ठूला दलका नेताले पहिलो संयोजक हुनुपर्ने आफ्नो अडान रहेको बताए। 'ठूला दलको क्रम मिलाएर संयोजक आलोपालो हुनुपर्छ' उनले भने, सबैले मोर्चाको नेतृत्व गर्नेमा सहमति हुन आवश्यक छ। तर अहिले त्यस सम्बन्धमा सहमति भइनसकेको उनले बताए।

मधेश केन्द्रित सात दल मोर्चा बनाउनेमा सहमत भएको हो। सबै दलबाट प्रतिनिधित्व रहेको कार्यदल गठन गरिएको छ। कार्यदलमा मोर्चा घोषणाको सहमति भइसकेको जनाइएको छ।



जनमत पार्टीका प्रवक्ता समेत रहेका कार्यदलका सदस्य डा. शरद यादवले बिहान ९ बजे दलका अध्यक्षहरुको बैठक बस्ने र त्यसपछि कार्यदलको बैठक बस्ने बताएका छन्। 'मोर्चा सम्बन्धी विस्तृत जानकारी घोषणा सभाबाट दिइने छ' उनले भने, मोर्चाको सबालमा कार्यदलले तयार गरेको कार्यविधिबारे अध्यक्षजीहरुले छलफल गरेपछि नै थप प्रक्रिया अगाडि बढ्ने छ।

मोर्चा घोषणा सभामा सात दलको सहभागिता रहने अगुवाइ गरिरहेका जनता प्रगतिशील पार्टीका उपाध्यक्ष डा.शिवजी यादवले जनाएका छन्। घोषणा सभामा जसपाको सहभागिता नरहे पनि पछि उनीहरु पनि सहभागी हुने उनले दाबी गरे।

मोर्चाको नेतृत्वमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई अघि सारिएको छ। सात दलमा रहेको डा. सीके राउत नेतृत्वको जनमत पार्टीले पनि मोर्चाको घोषणा सभाप्रति स्पष्ट प्रतिक्रिया दिएको छैन।

कार्यदलमा रहेका जसपा नेपालका प्रवक्ता मनिष सुमनले घोषणा सभाबारे अनभिज्ञता प्रकट गरे। उनले कार्यदलको पछिल्लो जानकारी आफूसित नरहेको बताए।

मधेश केन्द्रित दलहरु मध्ये प्रतिनिधिसभामा जसपाको ७, जनमतको ६ र जसपा नेपालका ५ सांसद छन्। तर राष्ट्रिय सभामा जसपा नेपालका समेत ३ जना सांसद गरी ८ जना संघीय संसदमा रहेका छन्।

जप्रपाका उपाध्यक्ष डा. शिवजी यादवले जसपालाई आमन्त्रण गरिएको तर शर्त राखेकाले सहभागी हुने अवस्था नरहेको प्रष्ट गरे। जसपाको विषयमा पछि छलफल हुने र त्यसलाई पनि मोर्चामा सहभागी गराउने उनले बताए।

आठ दलमा जसपा, जनमत, जसपा नेपाल, नागरिक उन्मुक्ति, लोसपा, राष्ट्रिय मुक्ति पार्टी, जनता प्रगतिशील र तमलोपा छन्। वैशाख महिनामा जनमत र नागरिक उन्मुक्ति पार्टी एकिकरण हुने सम्भावना बलियो छ। दुबै दलका नेताहरुले त्यसलाई पुष्टि पनि गरेका छन्।

नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीबीच एकीकरण भए संघीय संसदमा ठूलो दल बन्ने छ। तराई मधेश प्रदेशमा पनि सो पार्टीको सभासदहरुको संख्या बढ्ने छ। अहिले जसपा नेपाल प्रदेश र संघीय संसदमा ठूलो दल रहेको छ। प्रदेश सभामा पनि जसपा नेपालको हाल मधेशी दलहरु मध्ये सबै भन्दा बढी सिट रहेको छ।

राष्ट्रिय मुद्दामा मधेश केन्द्रित दलहरूको साझा धारणा तय गर्न, पार्टी एकीकरण लगायत विषयमा संवाद गर्न ती दलहरुले कार्यदल बनाएका थिए।

आठ दलको कार्यदलमा जसपाबाट महासचिव इस्तियाक राई, जनमतबाट डा. शरद यादव, जसपा नेपालबाट मनीष सुमन, नागरिक उन्मुक्तिबाट गंगाराम चौधरी, लोसपाबाट लक्ष्मणलाल कर्ण, राष्ट्रिय मुक्ति पार्टी नेपालबाट केशव झा, जनता प्रगतिशीलबाट शिवजी यादव र तमलोपाबाट ब्रजेश सिंह छन्। आठ दलको संयुक्त कार्यदल गठन गर्नुअघि दलीय संवादका लागि प्रत्येक दलले कार्यदल बनाएका थिए।






# नेपाल र थाइल्याण्डबीचको सम्बन्ध नयाँ उचाइमा : प्रधानमन्त्री ओली



बैङ्कक । प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो औपचारिक भ्रमणबाट नेपाल र थाइल्याण्डबीचको आपसी सम्बन्ध नयाँ उचाइमा पुगेको बताउनुभएको छ।

थाइल्याण्डको औपचारिक भ्रमणका क्रममा बैङ्ककमा रहनुभएका प्रधानमन्त्री ओलीले थाइल्याण्डका प्रधानमन्त्री पे थोङ् थान् शिनावात्सँगको भेटवार्तापछि आयोजित संयुक्त पत्रकार सम्मेलनमा यस भ्रमणबाट दुई मुलुकबीच संस्कृति, पर्यटन, शिक्षा, ऊर्जालगायतका क्षेत्रमा सहकार्य अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो।

उहाँले नेपाल र थाइल्याण्डकबीच ६५ वर्षदेखि रहेको कूटनीतिक सम्बन्ध र जनता-जनताबीचको सम्बन्धलाई अझ विस्तार गर्ने विषयमा आफूहरुबीच छलफल भएको बिताउनुभयो । प्रधानमन्त्री ओलीले नेपालमा होटल व्यवसाय तथा हवाई सेवाजस्ता पर्यटन क्षेत्रमा थाइल्याण्डको लगानी र व्यापारका विषयले आगामी दिनमा प्राथमिकता पाउने विश्वास व्यक्त गर्नुभयो।

“नेपाल र थाइल्याण्डबीच कृषि, व्यापार, पर्यटन, संस्कृतिको गहिरो सम्बन्ध कायम रहेको छ। थाइल्याण्डका लगानीकर्तालाई नेपालमा लगानीका लागि म आह्वान गर्दछु ।”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “नेपाल र थाइल्याण्डबीचमा व्यापार र पर्यटनको सम्बन्ध राम्रो रहेको छ। अब हामी अन्तरराष्ट्रिय मुद्दाका साथै जलवायु परिवर्तनका बारेमा हातेमालो गरेर काम गर्नेछौँ।”

प्रधानमन्त्री ओलीले थाइल्याण्डका प्रधानमन्त्री शिनावात्लाई नेपाल भ्रमणको निमन्त्रणा दिएको जानकारी दिँदै छिट्टै उहाँको नेपाल भ्रमण हुने विश्वास पनि व्यक्त गर्नुभयो । थाइल्याण्डको औपचारिक पहिलो भ्रमण र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक)को छैटौँ शिखर सम्मेलनमा भाग लिन प्रधानमन्त्री ओली मङ्गलबार बैङ्कक आइपुग्नुभएको हो।

प्रधानमन्त्री ओलीको भ्रमण दलमा प्रथम महिला राधिका शाक्य, परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक/विकास सल्लाहकार डा युवराज खतिवडा, नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्याल, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईलगायत हुनुहुन्छ।

**वर्तमान सरकार प्रेस स्वतन्त्रताप्रति पूर्ण निष्ठावान् छ**

प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकार प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति पूर्ण निष्ठावान् रहेको बताउनुभएको छ।

सार्वजनिक सेवा प्रसारण संस्था रेडियो नेपालको ७५औँ वार्षिकोत्सवका अवसरमा बुधबार दिनुभएको शुभकामना सन्देशमा उहाँले प्रेस स्वतन्त्रताप्रतिको सरकारको निष्ठा व्यवहारसिद्ध रहेको बताउनुभएको छ।

समाजको महत्त्वपूर्ण अङ्गको भूमिका पाएको प्रेस जगत्ले राष्ट्रियता, लोकतन्त्र, सुशासन र विकासलाई सहयोग पुग्नेगरी जिम्मेवार भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्री ओलीले राष्ट्र निर्माणको अभिभारा पूरा गर्न सरकारले अघि सारेका सामाजिक परिवर्तन, विकास, सुशासन, स्वच्छता र पारदर्शिताको अभियानलाई जनसमक्ष विस्तार गर्न रेडियो नेपालले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

प्रधानमन्त्रीले भन्नुभएको छ- “नेपालको राजनीतिक जागरणमा रेडियो नेपालको ठूलो योगदान रहेको छ । रेडियो नेपालले अब देश विकासका निम्ति सृजनात्मक रूपमा आमनागरिकलाई सुसूचित गर्नुपर्ने बेला आएको छ । अब हाम्रा सूचना र सन्देश रोजगारी सृजनासँगै नवीन प्रविधिका माध्यमबाट देश विकासको गतिलाई अगाडि बढाउँदै आर्थिक समृद्धिको यात्रामा केन्द्रित हुनुपर्छ।”रासस

# स्वतन्त्रताका नाममा हिंसा सर्वदा निषेधित छः राष्ट्रपति पौडेल

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानले नागरिकलाई आफ्नो विचार अभिव्यक्त गर्ने निर्वाध स्वतन्त्रता प्रदान गरेपनि स्वतन्त्रताका नाममा हिंसा, आगजनी, लुटपाट र तोडफोड गर्ने कार्य निषेधित गरेको बताउनुभएको छ।

सार्वजनिक सेवा प्रसारण नेपालअन्तर्गत रेडियो नेपालको हीरक महोत्सवलाई बुधबार यहाँ सम्बोधन गर्दै उहाँले लोकतन्त्रमा जनताको अभिमत सबैभन्दा ठूलो हुने बताउँदै संविधानको व्यवस्था, मर्म र भावना कसैले भुल्न नहुने स्पष्ट पार्नुभयो।राष्ट्रपति पौडेलले भन्नुभयो, “नेपालको संविधानले नागरिकलाई आफ्नो विचार अभिव्यक्त गर्ने निर्वाध स्वतन्त्रता प्रदान गरेको छ । स्वतन्त्रताको नाममा हिंसा, आगजनी, लुटपाट र तोडफोड गर्ने कार्य सर्वदा निषेधित छ। यस्ता प्रकृतिका घटना हुन नदिन सबै गम्भीर बन्नुहुनेछ भन्ने मैले विश्वास लिएको छु।”

राष्ट्रपति पौडेलले संविधान प्रदत्त अधिकार प्रयोग गर्दा त्यही संविधानले अपेक्षा गरेको लोकतान्त्रिक संस्कृति र संस्कारलाई कसैले पनि बिर्सन नहुने धारणा राख्नुभयो।

उहाँले भन्नुभयो, “लामो सङ्घर्ष, त्याग र बलिदानबाट जनता आफैँले बनाएको संविधानले प्रत्येक नागरिकलाई आफ्नो असहमति राख्ने अधिकार प्रदान गरेको छ।



सङ्घीय लोकतान्त्रिक गणतन्त्रको यो सर्वाधिक सुन्दर पक्ष हो। तर, संविधानले प्रदान गरेको यो अधिकार प्रयोग गरिरहँदा राज्य, कानुन र जनताप्रति हामी जिम्मेवार हुनु जरुरी छ।”

नेपालको लोकतान्त्रिक आन्दोलनमा पत्रकार र सञ्चारमाध्यमको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले सञ्चार जगत्को यो महत्वपूर्ण र गम्भीर जिम्मेवारीलाई बोध गरेर संविधानमा पूर्णप्रेस स्वतन्त्रताको सुनिश्चित गरिएको स्पष्ट गर्नुभयो। उहाँले आफू र आफ्ना पुस्ता रेडियो नेपाल सुन्दै हुर्किएको जनाउँदै समाचारका अतिरिक्त शिक्षा, जनचेतना, मनोरञ्जनात्मकलगायतका कार्यक्रम आज पनि आफ्नो स्मृतिमा मीठो सम्झना बनेर आइरहेको स्मरण गर्नुभयो।

> राष्ट्रपति पौडेलले लोकतन्त्र स्थापनासँगै मुलुकमा आमसञ्चारमाध्यमको विकास र विस्तारले गति लिएको उल्लेख गर्दै संविधानले व्यवस्था गरेको नागरिकको सूचनाको हक प्रत्याभूत गर्न रेडियो नेपालले नेपाली समाजको समावेशी चरित्रको संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो ।

राष्ट्रपति पौडेलले लोकतन्त्र स्थापनासँगै मुलुकमा आमसञ्चारमाध्यमको विकास र विस्तारले गति लिएको उल्लेख गर्दै संविधानले व्यवस्था गरेको नागरिकको सूचनाको हक प्रत्याभूत गर्न रेडियो नेपालले नेपाली समाजको समावेशी चरित्रको संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो । उहाँले सबै जातजाति, भाषाभाषीको अधिकार संरक्षण गर्ने बहुलवादमा आधारित लोकतन्त्रको सुदृढीकरणलाई आफ्नो धर्म मानेर काम गर्दा संस्थाले लिएका लक्ष्य पूरा हुने उल्लेख गर्दै सञ्चारमाध्यम विपद्का बेला आमनागरिकको भरोसाको केन्द्र हुन्छ भन्ने प्रमाण २०७२ को भूकम्प, कोरोना महामारीलगायत विपद्का बेलामा रेडियो नेपालसहितका सञ्चारमाध्यमले पुऱ्याएको योगदानबाट पुष्टि भएको बताउनुभयो।

राष्ट्रपति पौडेलले २००७ सालको जनक्रान्ति र रेडियो नेपाल मुलुकको इतिहासमा दुई जुम्ल्याहा घटना भएको उल्लेख गर्दै २००७ सालको जनक्रान्तिको युगान्तकारी सन्देशलाई गाउँगाउँ र जनजनमा पुऱ्याउन रेडियो नेपालले महत्वपूर्ण भूमिका निर्वाह गरेको स्मरण गराउनुभयो। उहाँले रेडियो नेपालका संस्थापक तारिणीप्रसाद कोइरालाको योगदानको चर्चा गर्दै आजका दिन रेडियो नेपाल हुनुमा स्वर्गीय कोइरालाको लोकतान्त्रिक चेतना र मूल्यमान्यता मुख्य कारण भएको बताउनुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, “अहिले आएर रेडियो नेपाल स्वतन्त्र, स्वायत्त संस्थाका रूपमा सार्वजनिक प्रसारण माध्यमका रूपमा विकास भएको छ । त्यसैले, लोकतान्त्रिक मूल्यमान्यता, स्वतन्त्र व्यावसायिक पत्रकारिताको धर्म अनुरुप स्वच्छ, निष्पक्ष र जनताप्रति उत्तरदायी भएर नागरिकलाई सुसूचित गर्न सार्वजनिक सेवा प्रसारणका सम्बन्धमा विश्वले स्वीकारेका आधारभूत मान्यतालाई आत्मसात गर्ने मैले विश्वास लिएको छु।”समारोहमा राष्ट्रपति पौडेलले जनगायक रामकृष्ण दुवाल र देउडा गायक नन्दकृष्ण जोशीलाई ‘रेडियो नेपाल राष्ट्रिय स्रष्टा सम्मान-२०८१’ बाट सम्मान गर्नुभयो । साथै उहाँले वरिष्ठ सङ्गीतकर्मीहरूलाई पनि सम्मान गर्नुभयो।

रेडियो नेपालकको हीरक महोत्सवका अवसरमा आयोजित कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले उत्कृष्ट कर्मचारी, समाचारदाता र प्रदेश कार्यालय तथा २५ वर्ष अविछिन्न सेवा प्रवाह गर्नुभएका २२ जना कर्मचारीलाई दीर्घसेवा पदक प्रदान गर्नुभयो । उहाँले रेडियो नेपालले प्रकाशन गरेको ‘झङ्कार’ र पूर्वनिर्देशक टीका भण्डारीको ‘रेडियो नेपाल ७५ वर्षः एक सय एक स्रष्टा’ पुस्तक विमोचन गर्नुभयो।

नेपालको पहिलो प्रसारण संस्था रेडियो नेपाल आजदेखि औपचारिक प्रसारणको ७५औँ वर्षमा प्रवेश गरेको छ। विसं २००७ फागुन ७ गते प्रजातन्त्रको स्थापना भएलगत्तै २००७ चैत २० गते रेडियो नेपालको स्थापना भएको थियो । समावेशी आवाज बनेको रेडियो नेपालबाट २५ भाषामा समाचार र २४ भाषामा कार्यक्रमसहित सातै दिन २४सैँ घण्टा सेवा प्रसारण हुँदै आएको छ। रासस

# नेपाल र थाइल्याण्डबीच आठ समझदारीपत्रमा हस्ताक्षर

काठमाण्डु । नेपाल र थाइल्याण्डबीच विभिन्न आठ समझदारीपत्रमा हस्ताक्षर भएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीको थाइल्याण्डको औपचारिक भ्रमणका क्रममा दुई देशका सरकारी पक्षबीच दुईवटा र गैरसरकारी पक्षबीच छवटा समझदारीपत्रमा हस्ताक्षर भएको हो।

समझदारीपत्रमा हस्ताक्षर समारोहअघि प्रधानमन्त्री ओली र थाइल्याण्डका प्रधानमन्त्री पे थोङ् थान् शिनावात्ले द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो । सो अवसरमा राजनीतिक तथा द्विपक्षीय सम्बन्ध, व्यापार तथा आर्थिक सहकार्य, उड्डयन, पर्यटन तथा संस्कृति, विकास सहकार्य, तथा क्षेत्रीय र बहुपक्षीय मुद्दाका सम्बन्धमा आ-आफ्ना धारणा व्यक्त गर्नुभएको थियो।



दुवै देशका प्रधानमन्त्रीको समुपस्थितिमा सरकारी तवरबाट संस्कृति तथा पर्यटनका क्षेत्रमा दुईवटा समझदारी भएको छ भने गैरसरकारी क्षेत्रबीच विभिन्न छ वटा विषयका समझदारीपत्रमा हस्ताक्षर भएको छ।नेपाल सरकारको तर्फबाट परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र थाइल्याण्डका संस्कृतिमन्त्री सुडवान वाङसुफाकिज्कोसोलले सांस्कृतिक क्षेत्रमा सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो।

त्यस्तै परराष्ट्रमन्त्री डा देउवा र थाइल्याण्ड सरकारका पर्यटन तथा खेलकुदमन्त्री सोरावाङ तियनथोङलेपर्यटनक्षेत्रमासहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्नुभयो । दुवै देशका प्रधानमन्त्रीको उपस्थितिमा नेपाल र थाइल्याण्डका गैरसरकारी क्षेत्रहरूबीच विभिन्न छवटा समझदारीपत्रमा हस्ताक्षर भएको छन्।

यसमा नेपाल नेत्र ज्योति सङ्घ र थाइल्याण्डको महिदोल विश्वविद्यालयअन्तर्गतको रामाथिवोदीअस्पतालबीचसहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। उक्त समझदारीपत्रमा नेपाल नेत्रज्योति सङ्घका अध्यक्ष प्रा डा चेतराज पन्त र महिडोल युनिभर्सिटीका चिकित्सा सङ्काय, रामाथिबोडी अस्पतालका डिन प्राध्यापक आर्टिट उङ्कानन्तले हस्ताक्षर गर्नुभएको छ।

त्यस्तै, जनता एग्रो एण्ड फरेस्ट्री नेपाल (जेएएफएल) र कासेटसार्ट विश्वविद्यालय थाइल्याण्डबीच सम्झौतापत्रमा हस्ताक्षर भएको छ। नेपाल उद्योग वाणिज्य महासङ्घ (एफएनसिसिआई) र थाइल्याण्डको व्यापार बोर्डबीचको समझदारीपत्रमा हस्ताक्षर भएको हो।

काठमाडौं विश्वविद्यालय र थाइल्याण्डको सियाम विश्वविद्यालय सहकार्यसम्बन्धी पत्रमा पनि हस्ताक्षर भएको छ । नेपाल उद्योग परिसंघ र थाइ उद्योग महासङ्घबीच सहकार्यसम्बन्धी सम्झौतापत्रमा समझदारी भएको छ।रासस

# तराई मधेस जागरण अभियान पुनः सुरू भयो : अध्यक्ष दाहाल

राँझा । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले पार्टीले केही समय स्थगित गरेको जनतासँग माओवादी, तराई मधेस जागरण अभियान पुनः सुरू गरिएको बताउनुभएको छ।

बाँकेको कोहलपुरमा बुधबार अनेमसङ्घ क्रान्तिकारी लुम्बिनीको दोस्रो प्रदेश सम्मेलन उद्घाटन गर्दै उहाँले अभियान नवलपरासीबाट सुरू गर्नुपर्ने भए पनि महिलाको प्रदेश सम्मेलनसँगै लुम्बिनीबाट अभियान सुरू गरिएको जानकारी दिनुभयो। अध्यक्ष दाहालले जनयुद्धका क्रममा केन्द्रीय आधार इलाकाको भूमिका निर्वाह गरेको लुम्बिनीले सबैभन्दा धेरै बलिदान गरेको र त्यसमा महिला क्रान्तिकारीहरूले त्याग बलिदानका कयौँ कृतिमान कायम गरेको बताउनुभयो।




अध्यक्ष ‘प्रचण्ड’ ले नेपाली महिलाले गरेको बलिदानीपूर्ण आन्दोलन नेपालमा मात्र नभई विश्व राजनीतिमै प्रेरणाको स्रोत बनेको बताउनुभयो। “हिजो जनयुद्धको बेलामा महिला सहभागिता बढाउन सकिएन भने क्रान्ति सफल हुँदैन भन्ने मान्यताका साथ महिला सहभागिता बढाइएको र नेतृत्वदायी भूमिकामा अघि बढाइएको थियो”, उहाँले न्नुभयो, “नेपाली महिलाले गरेको बलिदानीपूर्ण आन्दोलन नेपालमा मात्र होइन, संसारभरिका महिलाका लागि प्रेरणा र ऊर्जाको स्रोत बनेको छ।”

अध्यक्ष दाहालले हिजो क्रान्तिको नेतृत्व र रक्षा गर्ने महिलाले अब फेरि समाजवादी क्रान्तिको नेतृत्व गर्ने बेला आएको बताउनुभयो । उहाँले जनयुद्धको रापतापबाट महिला, जनजाति, किसान, मजदुर, दलित, मधेसी, मुस्लिमलगायत उत्पीडित वर्गको मुक्तिका लागि ऐतिहासिक सफलता प्राप्त गरे पछिल्ला आठ/दश वर्षमा पार्टीले आफ्नोक वर्ग र समुदायसँगको सम्बन्ध कायम राख्न केही कमजोरी गरेको बताउनुभयो।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ। |
| वृष : | अध्ययन अध्यापनमा प्रगति हुनेछ। |
| मिथुन : | विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ। |
| कर्कट : | आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ। |
| सिंह : | नयाँ व्यवसाय सुरु गर्ने मौका छ। |
| कन्या : | प्रयत्न गर्दा भाग्यले साथ दिनेछ । परिवारको सहयोगमा महत्वपूर्ण काममा सफलता मिल्नेछ। |
| तुला : | रमाइलो यात्राको अवसर जुट्न सक्छ। |
| वृश्चिक : | सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ। |
| धनु : | प्रशंसकहरु बढ्ने छन् र मानसम्मान समेत पाइनेछ। |
| मकर : | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ। |
| कुम्भ: | विगतका कमजोरी सच्याउने मौका मिल्नेछ। |
| मीन : | काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



रामनवमीको उपलक्ष्यमा जनकपुरधामको **राम मन्दिरमा** भारतबाट आएका साधु सन्त। *तस्बिर : संजय कुमार यादव*

# राजसंस्था फर्काउँछु र देहत्याग गरेका हजुरबालाई फर्काउँछु भन्नु उस्तै हो : पूर्णबहादुर घर्ती

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का केन्द्रीय सदस्य पूर्णबहादुर घर्ती सङ्घीय संसद्, प्रतिनिधिसभाको सांसद हुनुहुन्छ। उहाँ प्रतिनिधिसभा निर्वाचन २०७९ मा रुकुमपूर्व-१ बाट निर्वाचित हुनुभएको हो। सांसद घर्तीले निर्वाचनमा १२ हजार २६२ मत प्राप्त गर्नुभएको थियो। भूमे गाउँपालिका वडा नम्बर ९ रुकुममा २०२४ असार २९ गते जन्मिनुभएका घर्ती २०३६ सालदेखि राजनीतिमा लाग्नुभएको थियो । लुम्बिनी प्रदेशको सभासुखको भूमिका निर्वाह गरिसक्नुभएका सांसद घर्ती तत्कालीन मसालको गाउँ पार्टीमा रुपान्तरण गरी तत्कालीन चुनवाङ गाविसको संस्थापक पार्टी अध्यक्ष बन्नुभएको थियो। विसं २०६२ देखि २०६४ सम्म माओवादी रुकुम जिल्ला इन्चार्ज, २०६५ देखि २०६७ सम्म एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को मगरात राज्य सेक्रेटरी तथा केन्द्रीय सदस्य हुनुभएको थियो । सांसद घर्तीले २०६८ सालदेखि २०७० सम्म नेकपा क्रान्तिकारी माओवादीको थारुवान राज्य इन्चार्ज तथा केन्द्रीय सदस्य, २०७१ देखि २०७२ सम्म नेकपा क्रान्तिकारी माओवादीको पश्चिम मगरात इन्चार्ज तथा पोलिटब्यूरो सदस्यमा रहेर काम गरिसक्नुभएको छ । प्रतिनिधिसभाका सांसद घर्तीसँग राससका समाचारदाता सुशील दर्नालले गर्नुभएको कुराकानीको सम्पादित अंशः

**संघीय संसद्, प्रतिनिधिसभाको अनुभव**

दश वर्षको जनयुद्ध, २०६२/०६३ सालको जनआन्दोलन, मधेस आन्दोलन र विभिन्न जातीय र क्षेत्रीय आन्दोलनबाट प्राप्त उपलब्धि भनेको संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्र हो । यसको कार्यान्वयनको सवालमा अघिल्लो पाँच वर्षमा पनि हामीले राजनीतिक सङ्घीयता स्थापित गरियो। तर प्रशासनिक सङ्घीयता, वित्तीय सङ्घीयताको कार्यान्वयन अहिले पनि प्रभावकारी ढङ्गबाट हुनसकेको छैन । राजनीतिक दल र संसद् जति जनताप्रति उत्तरदायी हुनुपर्ने हो, त्यति भएको देखिँदैन। पटकपटक सरकार परिवर्तन हुने कुराले पनि संसदीय गतिविधिलाई कमजोर बनाएको छ। केन्द्रीय नेतृत्वमा रहेका दलहरूको फितलो भूमिकाका कारण पनि सङ्घीयताप्रतिको जवाफदेहिता कमजोर भयो भन्ने लागेको छ । जसको कारण सङ्घीय लोकतान्त्रिक गणतन्त्रविरुद्धको शक्ति सल्बलाउन थालेको छ। प्रतिनिधिसभा आफैँमा कानुन निर्माण गर्ने थलो हो । तर दलका नेता र सांसदहरू कानुन निर्माण प्रक्रियामा कम, सत्ता फेरबदलमा बढी लागेको देखिन्छ । संसद्मा सत्तापक्ष र प्रतिपक्ष दलको दोहोरी धेरै चलेको छ । त्यसैले सङ्घीय प्रणाली कमजोर बनाउने काम दलहरूले नै गर्दै आएको देखिन्छ। यद्यपि शिक्षा, स्वास्थ्य र रोजगारीलगायत जनताका समसामयिक सवाल संसद्मा उठिरहको छ। तर सरकारले कार्यान्वयन गरेको अवस्था छैन। जनताप्रति सरकारको जवाफदेहिता देखिएको छैन।

**संविधान कार्यान्वयन र संशोधन**

हामी राजनीतिक दलहरूले राजनीतिक सङ्घीयता स्थापित गरियो । व्यवस्थालाई परिवर्तन पनि गरियो । आन्दोलनको उपलब्धि पनि हो । एउटा ठूलो परिवर्तन पनि हो । तर यसलाई जनतामा स्थापित गर्न सकेका छैनौँ । जनतामा राखिएका प्रतिबद्धता पूरा हुनसकेको छैन । अहिले पनि पालिका र वडाहरूमा कर्मचारीको अभाव छ। प्रहरी समायोजन ऐन अहिले पनि आउनसकेको छैन । निजामती कर्मचारी ऐन छलफलमै सीमित छ। शिक्षा ऐन पनि छलफलमै सीमित छ । त्यसैले संविधान कार्यान्वयन पूर्ण रूपमा हुनसकेको छैन । संविधान आफैँमा अपरिवर्तित कुनै धर्मग्रन्थ होइन। संविधान राष्ट्र र जनताको आवश्यकतानुसार संशोधन गर्न सकिने विषय हो । सैद्धान्तिक रूपमा संविधान संशोधन गर्ने भन्ने नै हो। वर्तमान सरकार गठनका क्रममा भएको सहमतिको पहिलो बुँदा नै संविधान संशोधन गर्ने भन्ने छ । तर कुन विषयमा संशोधन गर्ने भन्ने विषय प्रष्ट आउन सकेको छैन । पहिला कुन धारामा संशोधन गर्ने भन्ने विषयमा प्रष्ट हुनुपर्छ । यो विषयमा सरकारको अहिले पनि प्रष्ट धारणा छैन । त्यसैले हाम्रो पार्टीको कुरा भनेको पहिला संशोधन गर्ने विषयमा प्रष्ट हुनुपर्छ भन्ने हो। हामीले प्रशासकीय स्वरुप, निर्वाचन प्रणाली र पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा संविधान संशोधन गर्नुपर्छ भन्दै आएका छौँ। अहिलेको निर्वाचन प्रणाली अत्यन्त महँगो छ। यसलाई संशोधन गरेर सामान्य मानिसले पनि चुनाव लड्न सक्ने खालको बनाउनुपर्छ । अर्को अस्थिर सरकारले पनि विकासमा प्रभाव पारेको छ। त्यसैले प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रभनमन्त्री हुनुपर्छ भन्ने हाम्रो मान्यता हो। यसो गर्दा जुन पार्टीको सरकार भए पनि पाँच वर्ष ढुक्क हुन्छ। सरकार नौ-नौमहिनापरिवर्तनगर्नु पर्दैन। सरकारले पनि ढुक्कका साथ काम गर्न पाउँछ। देशमा पनि स्थिरता हुन्छ। सरकार संविधान संशोधन गर्नेभन्दा पनि संविधानलाई मिचेर अगाडि बढेको देखिन्छ । सरकारले संविधानको कमीकमजोरी सच्याएर अगाडि जाने विषयमा गम्भीर भएर सोच्नुपर्छ।



**संघीयता सुदृढीकरणको लागि सुझाव**

सङ्घीयतालाई अझै सुदृढ र बलियो बनाउनका लागि प्रदेश सरकारलाई आवश्यक कानुन जतिसक्दो चाँडो बनाउनुपर्छ। संविधान जारी भएको नौ वर्ष हुँदा पनि हामीले स्थानीय र प्रदेश सरकारलाई आवश्यक पर्ने कानुन बनाउन सकेका छैनौँ। कर्मचारी समायोजनसम्बन्धी कानुन बन्न सकेको छैन । त्यसलाई छिटोभन्दा छिटो बनाउनुपर्ने छ । प्रदेश सरकारले निजामती ऐन पारित गरे पनि सङ्घीय निजामती ऐन नभएका कारण प्रदेश सरकारलाई काम गर्न समस्या भइरहेको छ। प्रहरी ऐन प्रदेश सरकारले पारित गरिसकेका छन् । तर सङ्घीय प्रहरी ऐन बन्न नसक्दा प्रदेश सरकारलाई काम गर्न जटिलता भएको छ । शिक्षा ऐन पनि आउन सकेको छैन ।रासस

# संसद्को हिउँदे अधिवेशन उपलब्धिपूर्ण : प्रमुख सचेतक



काठमाण्डु । कानुन निर्माणको कोणबाट मात्र नभई सशक्त रुपमा जनताका आवाज मुखरित गर्ने सन्दर्भमा सङ्घीय संसद्को विधेयक अधिवेशन उपलब्धिमूलक रहेको सत्ता पक्ष र प्रतिपक्षको दाबी रहेको छ।

सत्ता पक्षका सांसदले विगतका अधिवेशनका तुलनामा कानुन निर्माणका हिसाबले अहिलेसम्मकै उत्कृष्ट नतिजा हासिल भएको जनाउँदै यसको गति अझ बढाउन विधि निर्माणका समयसीमा तोकेरै जानुपर्ने आवश्यकता औँल्याउनुभएको छ।

प्रतिपक्षका सांसदहरुले सरकारलाई संसद्प्रति जवाफदेही तुल्याउने र जनभावना सम्बोधनका लागि खबरदारी गर्ने कार्यमा आफूहरुले सशक्त भूमिका निर्वाह गरेको जिकिर गर्नुभयो । गत माघ १८ गतेदेखि प्रारम्भ भएको सङ्घीय संसद्को हिउँदे अधिवेशन मङ्गलबार रातिदेखि अन्त्य भएको छ। हिउँदे अधिवेशनमा संसद्बाट भए/गरेको कामकारबाही र सिकाइका सम्बन्धमा प्रमुख दलका प्रमुख सचेतकसँग कुराकानीको सम्पादित अंशः

**'सरकार र सदनको सक्रियताले नतिजा दिएको छ'**

**महेश बर्तौला, मुख्य सचेतक, नेकपा (एमाले)**

विगतमा संसद्मा विचाराधीन विधेयकलाई निष्कर्षमा पुऱ्याउनुपर्छ भन्ने मुख्य ध्येयका साथ यस अधिवेशनमा काम गऱ्यो। विषयगत समितिले पनि सोही मनसायका साथ काम गरे । मन्त्रीहरुलाई पनि मन्त्रालयको विधेयकप्रति जवाफदेहिता र सक्रियतासँगै निष्कर्षमा पुऱ्याउने गरी समन्वय गर्न भनियो। यस अधिवेशनभरमा पुराना विधेयक बाँकी प्रतिनिधिसभाबाट पारित गऱ्यो । भन्सार विधेयक र केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक समितिबाट पारित भएर संसद्मा जाँदै छ । दशरथचन्द विश्वविद्यालय र जलस्रोत विधेयक पारित गर्ने चरणमा पुगेको छ। चार वटा विधेयक सदनमा पुगिसक्यो । पुरानो छ पारित भइसक्यो। यी दश पुराना विधेयक हुन् । विधेयक अधिवेशनबाट पाँच वटा प्रतिस्थापन विधेयक पारित भए। यो विधेयकका लागि सार्वजनिक बिदा र राति अबेरसम्म खटेर असाधारण मेहनत गर्नुपऱ्यो । कूल ११ विधेयकमध्ये १० वटा दुवै सदनबाट पारित भएको छ । बैंकिङ कसुरसम्बन्धी विधेयक प्रमाणीकरणको तहमा पुग्छ। प्रतिनिधिसभाको मात्रै कुरा गर्ने हो भने ११ विधेयक पारित भएको छ भने चार वटा पारित गर्ने अवस्थामा पुगेका छन् । यो ठूलो उपलब्धि हो । सरकारले आफूले प्रस्तुत गरेका विधेयकलाई चाँडो निष्कर्षमा पुर्याउन सकिन्छ भनेर क्रियाशीलता प्रदर्शन गर्दा विधेयक छिटो अगाडि बढ्दो रहेछ भन्ने महसुस भयो।

सङ्घीय निजामती विधेयक र शिक्षासँग सम्बन्धित विधेयकलाई निष्कर्षमा पुऱ्याउन असाधारण मेहनत भएको छ । यी दुवै विधेयक बढी महत्वका छन् । सङ्घीयता कार्यान्वयनसँग जोडिएका मुख्य विधेयक हुन्। सङ्घीय निजामती र विद्यालय शिक्षा विधेयकको ८० प्रतिशत काम भएको छ। योबीचको अवधिमा बाँकी काम पूरा गर्छौं। बजेट अधिवेशनको प्रारम्भमै सदनमा लगेर पारित गर्छौं । शिक्षासँग सम्बन्धित विधेयकमा बहुपक्षीय सरोकारवालाहरु छन् । शिक्षक, विद्यालय कर्मचारी, स्थानीय सरकारको क्षेत्राधिकार, पाठ्यक्रम, परीक्षा प्रणाली, अभिभावक, निजी शिक्षालगायत समग्र पक्षलाई सम्बोधन गर्नुपर्ने विषय आफैँमा जटिल हो। गुणस्तरीय कानुन बनाएर संसद्ले राम्रो काम गऱ्यो भन्ने अवस्थामा पुऱ्याउन केही समय लागेको हो।

विधेयक अधिवशेनमा प्रतिपक्षी र अन्य पार्टीबाट अपेक्षित सहयोग भएन। मूल विषयमा छलफलभन्दा पनि अन्य विषयमा रुमलिन गयो । संसद् बन्दै गर्नु नपर्ने विषयमा पनि सदन बन्द भयो । आगामी दिनमा पनि सरकार र राजनीतिक दलहरुले सदनको प्रभावकारिताका लागि आआफ्नो ठाउँबाट ध्यान दिनुपर्छ । संसद्ले विधायकी कार्य अगाडि बढाउन सक्छ भन्ने यो दुई महिनाको कामको आशा गर्न सकिन्छ । आसन्न बजेट अधिवेशनमा बजेटसँगै विधेयकका सम्बन्धमा पनि काम गर्छौं। संसद्लाई अझै गतिशील तुल्याउन यसको गति बढाउनुपर्छ। तथापि, अघिल्ला चार अधिवेशनको तुलनामा जुन परिणाम निकाल्न सकियो, यसमा सन्तुष्टि गर्ने ठाउँ छ। सदन र समितिमा थाँती रहेका विधेयकलाई यथाशीघ्र टुङ्ग्याउने र राफसाफ गर्नेछौँ।

> सरकारले प्रतिपक्षले सदन चल्न दिएन भन्छ, तर सरकारले जनभावनाअनुसार काम गरेन भन्ने हाम्रो ठम्याइ हो । सरकार सदनप्रति जति जिम्मेवार हुनुपर्थ्यो त्यति भएन ।

**'दर्ता भएको छ महिनाभित्र विधेयक पारित गर्ने व्यवस्था गरौं'**

**श्यामकुमार घिमिरे, प्रमुख सचेतक, नेपाली कांग्रेस**

यो विधेयक अविधेशन हो। जति मात्रामा विधेयक बन्नुपर्ने थियो र बनाउन सकिन्थ्यो, त्यसमा सोचेजति प्रगति भएन। विधेयक अविधेशनमा सम्पादन भएका कामलाई सन्तोषजनक मान्न मिल्दैन । आगामी दिनमा विधि निर्माणको गतिलाई बढाउनुपर्छ । त्यसका लागि नियमावली संशोधन गरेरै निश्चित समयसीमा तोक्नुपर्छ। प्रतिनिधिसभाले कति दिनमा विधेयकलाई टुङ्ग्याउन भनेर समयसीमा किटेनौँ भने विधि निर्माण ढिला हुने निश्चित छ। एउटै विधेयक वर्षौंसम्म अल्झेर बस्ने अवस्था हुनुहुँदैन । मेरो धारणा के हो भने, एउटा विधेयक दर्ता भएको छ महिनाभित्र पारित गरिसक्नुपर्छ।

केही विधेयक समितिमा विधेयक अड्केका छन् । मन्त्रीबाट पर्याप्त सहयोग पाइएन भन्ने समितिको तर्क छ । अर्कातर्फ समितिमा कोरम नपुग्ने, मन्त्री अनुपस्थित हुने भन्ने समस्या छ। जुन मन्त्रीले विधेयक पेस गर्छ त्यो विधेयक पास गराउन जति भूमिका र सक्रियता देखाउनुपर्ने हो त्यो देखिएको छैन । असहयोग नै त होइएन, जुन ढङ्गले सक्रियता देखाउनुपर्ने हो, त्यसमा कमी छ। संसद्मा विधेयक टेबल गरेपछि हाम्रो दायित्व होइन भन्ने मन्त्रीले सोच्नुहुँदैन। सङ्घीयता कार्यान्वयनसँग जोडिएको निजामती विधेकय अन्तिम अवस्थामा छ। उपसमितिले लगभग टुङ्ग्याएको थियो। संसद् चाँडै अन्त्य भयो। त्यसकारण निजामती विधेयक आउन सकेन । शिक्षा विधेयकलाई केही समय लाग्न सक्न देखिएको छ। केही नेपाल ऐन संशोधन विधेयक, भन्सार विधेयक र बैंकिङ कसुर विधेयक पारित हुन सक्ने अवस्था थियो।

**'अध्यादेश र प्रतिस्थापन विधेयक पारित गर्न मात्रै सम्पूर्ण तागत खर्च भयो'**

**हितराज पाण्डे, प्रमुख सचेतक, नेकपा (माओवादी केन्द्र)**

पाँचौँ अधिवेशन हामीले भनेकोजस्तो विधेयक निकाल्न सकिएन । खास गरेर बहुप्रतिक्षित सङ्घीय निजामती र विद्यालय शिक्षासम्बन्धी विधेयक यस अधिवेशनबाट पारित गर्न सम्भव भएन । विधेयक अधिवेशन भएर पनि यसले सफलता प्राप्त गर्न सकेन । सरकारले जसरी विधेयक र विधायनलाई प्राथमिकता दिएन । सभाको बैठकमा मन्त्रीको उपस्थिति नभएर बैठक स्थगन गर्नु पऱ्यो। संसद्प्रति सरकारको जिम्मेवारी नदेखिएको स्पष्ट हुन्छ । विधेयक अधिवेशनमा सरकारले खाली आफूलाई अध्यादेश र प्रतिस्थापन विधेयक पास गर्न मात्र यसले तागत खर्च गरेको देखिन्छ। अन्य महत्वपूर्ण विधेयकमा खासै वास्ता गरेन । सरकारले प्रतिपक्षले सदन चल्न दिएन भन्छ, तर सरकारले जनभावनाअनुसार काम गरेन भन्ने हाम्रो ठम्याइ हो । सरकार सदनप्रति जति जिम्मेवार हुनुपर्थ्यो त्यति भएन।

राज्यव्यवस्था तथा सुशासन समितिमा सङ्घीय निजामती विधेयक छिटो टुङ्ग्याउनुपर्छ भनेर २० पूर्ण समिति र २० उपसमितिको बैठक बसेर दफावार छलफल भयो । यसबाट विधेयक छिटो सम्पादन गर्न सकिन्छ भन्ने सिकाइ भयो । प्रमुख प्रतिपक्षीसहित विपक्षी दलको सक्रियताका कारण सरकारलाई सदनप्रति जवाफदेही र जिम्मेवार बनाउन सकियो ।रासस


## Mithila Bihari Municipality
### Office of the Municipal Executive
### Tarapatti, Dhanusha
### Madhesh Province, Nepal

**Invitation for Electronic Sealed Quotation**

**Date of Publication: 3rd April ,2025(chaitra 21,2081)**


1. The Mithila Bihari Municipality, Office of The Municipal Executive, Tarapatti, Dhanusha, Madhesh Province, Nepal invites electronic sealed quotations from registered bidders for the execution of construction of side drain and PCC work in sirsiya from Mahnji Yadav's house to Yugal yadav houses in Ward six, Mithila Bihari Municipality.

| S. No. | Contract No. | Name of Project | Cost of Bid document (NRs.) | Bid Validity Period | Bid Security Amount (NRs.) | Bid submission deadline | Bid opening time |
|---|---|---|---|---|---|---|---|
| 1 | 04/01/2081-82/ SQW/MBM | construction of side drain and PCC work in sirsiya from Mahnji Yadav's house to Yugal yadav houses in Ward six. | 1000.00 | 45 days | 50,000.00 | 2025-04-18 (till 12:00 hour) | 2025-04-18 (14:00 hour) |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of The Mithila Bihari Municipality, Office of The Municipal Executive, Tarapatti, Dhanusha,Madhesh Province, Nepal or may visit the PPMO website www.bolpatra.gov.np/egp.


**Chief Administrative Officer**





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# राजाकै कारण हिन्दु सनातनी कमजोर



विनय यादव

पछिल्लो समय राजा र राजतन्त्र फर्काउने हल्लाखल्ला निकै चलेको छ । यसको पछि केही मानिसको झुन्ड छ । जसको कामकाज केही पनि छैन । शारीरिक परिश्रमभन्दा निकै परका मानिस हुन् उनीहरू । त्यसैले उनीहरूलाई राजा र राजतन्त्रभन्दा फरक नजरसँग साक्षात् गर्ने हैसियत छैन । जसले राजा र राजतन्त्र लगायतका व्यवस्था भोगेका छन्, ती सर्वसाधारण नागरिकलाई मात्र थाहा छ, राजा र राजतन्त्रको अनुहार ।

इतिहासलाई नजिकबाट नियाल्ने हो भने २४० वर्षमा राजा र राजतन्त्रकै कारण नेपालमा हिन्दु सनातन कमजोर भएको यथार्थ हो । किनभने जुन राजा र राजतन्त्रलाई हामीले हिन्दुत्वको जिम्मा लगाइरहेका छौँ, त्यो हिन्दु नै होइन । उनीहरू मुस्लिम धर्मावलम्बी हुन् । जुन दिनदेखि हामीले उनीहरूको निरंकुश पन्जामा परेर हिन्दुपनको रङ दियौँ त्यो दिनदेखि नै राजाहरूका कारण नेपालमा बलियो हिन्दु शक्ति निर्माण हुन सकेन, एकपछि अर्को कमजोर पंक्तिको निर्माण हुँदै गयो ।

तत्कालीन अवस्थामा संविधानमै हिन्दु अधिराज्य भनिए पनि देशमा धर्म परिवर्तन गराउने खेल राजाहरूले रोक्न सकेनन् । बरु उनीहरूले नास्तिकता फैलाउनका लागि समाज कल्याण परिषद्को स्थापना गरी विभिन्न संघ-संस्था (एनजीओ, आईएनजीओ)मार्फत विदेशी धार्मिक फिरंगीहरूको प्रवेशलाई नेपालमा सहज बनाइदिए । पछिल्लो चरणमा एमाले-कांग्रेस लगायत तत्कालीन अवस्थाका राजनीतिक दलहरूले राजा र राजतन्त्रको आडमा यसलाई व्यापार व्यवसायीको रूपमा झनै फैलाउने काममा मलजल गरे ।

हिन्दु सनातनी धर्म संरक्षण र जागरणको मुख्य केन्द्र भनेको मठ, मन्दिर र पार्टी पौवा लगायत स्थल हुन् तर यसलाई राजा र राजसंस्थाले गुठी संस्थानको रूपमा खडा गरेर आफ्नो अधीनमा राख्ने दुस्साहस गरे। राजाहरूले मठ-मन्दिर मासेर आफ्नो पारिवारिक निहित स्वार्थ पूरा गर्ने हतियार बनाए। हिन्दु ज्ञान-विज्ञानलाई प्रचार गर्ने सन्त-महात्माहरूलाई पलायन हुन बाध्य पारियो । कोटिहोमको माध्यमबाट हिन्दु संस्कृतिलाई जगेर्ना गर्ने राष्ट्रवादी हिन्दु सन्तयोगी नरहरिनाथलाई समेत जेल हाले । पछि उनलाई पनि पलायन भएर भारतको प्रवासी जीवन बिताउन बाध्य पारियो । उनी ०४६ मा बहुदल आएपछि स्वदेश फर्केका थिए ।

हिन्दुहरू सक्रिय भयौँ र आफ्नो धर्मभित्रको कमी-कमजोरीलाई सच्याएर अगाडि बढ्यौँ भने यही लोकतान्त्रिक संविधानभित्र रहेर पनि दुईतिहाइ बहुमतका साथ हिन्दु राष्ट्र बनाउन सकिन्छ । त्यो नेपाली समाजका लागि नयाँ प्रयोग र राम्रो पनि हुन्छ ।

विश्वभरि हिन्दु समाजलाई समृद्ध र संगठित गर्ने उद्देश्यले आरएसएस खोलिएको थियो तर नेपालमा त्यस्तो संघ खोल्न मान्यता नदिएपछि गीता क्लासेज (शिक्षण संस्था)का माध्यमबाट हिन्दुत्वको प्रचार-प्रसार सुरु गरियो । तर तत्कालीन राजालाई थाहा भएपछि संघका प्रचारक स्व. लक्ष्मण राव भिडेलाई 'सुट-वारेन्ट' नै जारी गर्‍यो । त्यसपछि उनी पनि भारत फर्के र हिन्दु संगठनको कामकाज बन्द भयो । तर सेन्ट जेभियर्स र जामे मस्जिद, मदरसाले जुन विदेशी धर्मका लागि काम गर्थे, उनीहरूलाई सहज वातावरणमा राख्ने काम गर्‍यो । नेपालमा इस्लामिक कट्टरपन्थ फैलाउन इस्लामिक संघ र दरबारमार्गमा मस्जिद पनि राजाहरूकै बेला स्थापना गरियो । जुन कुरा हामीले बिर्सनु हुँदैन । यतिसम्म कि मोहमद मोहसिन र सलिम अन्सारीजस्ता इस्लामिक सञ्जाल फैलाउनका लागि कार्य गर्ने नेताहरूलाई पद राजाहरूले नै दिए ।

शाही सत्ताका बेला इस्लामिक आतंकवादीले इराकमा १३ नेपालीको नशृंस हत्या गरे । त्यतिबेला मेरै नेतृत्वमा काठमाडौँको रत्नपार्कमा घटनाको विरोधमा प्रदर्शन गरियो । त्यो दिन प्रदर्शनकारीले जामे मस्जिद पनि पसेका थिए । भोलिपल्टै तत्कालीन राजा ज्ञानेन्द्र शाहले जामे मस्जिदमाथिको घटनाले आफ्नो मुटु दुखेको अभिव्यक्ति सञ्चारमाध्यमा दिएका थिए । शाहीतन्त्रले हिन्दुहरूको सबलीकरणका लागि काम गर्ने हिन्दु स्वयंसेवक संघको कार्यालयमा छापा समेत मारे । संयोगले शाही सेनाले छापा मारेका बेला महानगर प्रचारकका रूपमा मेरो उपस्थिति थियो । मलाई त्यो दिन आज पनि सम्झनामा छ ।

हिन्दुत्वको वकालत गर्ने आफ्नो ज्यानको बाजी लगाई तन, मन धनले कार्य गर्ने जुन योद्धाहरू मारिए वा बेपत्ता भए (प. नारायण पोखरेल, काशीनाथ तिवारी, देव पौडेल, उमेश पटेल, राधेश्याम पटेल लगायत), तिनका विषयमा ज्ञानेन्द्र शाहले केही किन बोलेनन् ? वा तिनका परिवारका लागि केही किन गरेनन् ? जब कि उनी अहिलेसम्म मन्दिरहरू भ्रमण गरी आफूलाई हिन्दु राजाको रूपमा प्रचारित गर्छन् ।

शाहीकालमा राजाहरूले हिन्दु संघमाथि यतिसम्म निगरानी बढाउने दुस्साहस गरे कि संघको बर्सेनि हुने शिक्षा वर्ग प्रशिक्षण कार्यक्रम नेपालबाहिर सुनौलीमा गर्नुपर्‍यो । किनभने राजाले प्रशिक्षण कार्य गर्न बन्देज लगाए । त्यतिबेला लोकप्रिय कथावाचक पण्डित नारायण पोखरेल आफ्नो कथामा प्रजातन्त्रको व्याख्या समेत गर्थे । उनको हत्याको जिम्मा माओवादीले लिए पनि राजा र मावोवादीको साँठगाँठले हत्याकाण्ड भयो भन्ने कानेखुसी आज पनि सुन्न पाइन्छ ।

भारतको उत्तर प्रदेश गोरखपुरमा गोरखनाथ बाबाको एउटा सामान्य मन्दिर छ, त्यो मन्दिरको आयबाट दर्जनभन्दा बढी विद्यालय, अस्पताल, धर्मशाला, एम्बुलेन्सजस्ता सेवाका कार्य हुन्छन् । तर त्योभन्दा कति गुना धेरै आय भएका पशुपतिनाथ मन्दिरमा राजाहरूले रानीको नेतृत्वमा पशुपति विकास कोष खडा गरे । पशुपतिनाथको सम्पूर्ण आय दरबारमा लगेर शुक्रबार हुने गुड फ्राइडे पार्टी (भोज) मा खर्च गर्थे । यसरी गुड फ्राइडे मनाउने राजा हिन्दुहरूका आदर्श कसरी भए ! आफैँमा आश्चर्यको विषय हो ।

नेपालमा बहुसंख्यक जनता सनातनी छन् । राजाहरू मन्दिर जान्छन्, ती सनातनीलाई दिग्भ्रमित गर्नका लागि उनलाई थाहा छ कि हिन्दुत्वप्रतिको आस्था प्रदर्शन गरियो भने सनातनी समाजमा लोकप्रियता कमाउन सकिन्छ । राजा र राजावादीको त्यस्ता प्रचारबाट समाजलाई भ्रमित पार्न सफल भएको महसुस गर्न सकिन्छ । केही हिन्दुवादीले राजाको वकालत गरेको हेर्दा अचम्म लागेको छ । उनीहरूले सोचेका छन् कि राजा आयो भने हिन्दु राष्ट्र पनि आउँछ । तर यो कुरा पनि बुझ्न जरुरी छ कि २०४६/४७ सालको संविधानमा पनि हिन्दुराज्य उल्लेख थियो । तर हिन्दुत्वका लागि के भयो ? के गरे राजाले ? एकपटक समीक्षा गर्नुस् ।

विदेशी धर्महरू त्यतिबेला पनि राम्रैसँग फस्टाएका थिए । त्यसैले हामीले कस्तो र कस्तो चरित्रको हिन्दु राष्ट्र खोजेका हौँ, त्यो बुझ्न जरुरी छ । हिन्दुहरू सक्रिय भयौँ र आफ्नो धर्मभित्रको कमी-कमजोरीलाई सच्याएर अगाडि बढ्यौँ भने यही लोकतान्त्रिक संविधानभित्र रहेर पनि दुईतिहाइ बहुमतका साथ हिन्दु राष्ट्र बनाउन सकिन्छ । त्यो नेपाली समाजका लागि नयाँ प्रयोग र राम्रो पनि हुन्छ ।

भारतकै उदाहरण लिउँ, सेकुलर कांग्रेस आई सत्तामा हुँदा धर्मनिरपेक्ष संविधान बनायो, तर त्यहाँका हिन्दु समाजमा जागरुकता बढेपछि आज हिन्दुवादी नेता मोदी र योगीजस्ता शासक छन्, जसले संविधान पन्थ निरपेक्ष भए पनि सरकारले हिन्दु हितमा कार्य गरिरहेको छ, जब कि नेपाल हिन्दु अधिराज्य भए पनि गर्न सकेको थिएन, त्यस कारण हिन्दु राजा होइन, हिन्दु शासकको आवश्यकता छ र आजको युगमा राजाको शासन मान्य नभएका कारण हिन्दुवादीहरूले जनताको मन जिती सदनमा आफ्नो राम्रो उपस्थिति बनाउनु नै उचित देख्छु ।

शाही सत्ताकै बेला अयोध्याको राम मन्दिरमा इस्लामिक आतंकवादीले हमला गरेका थिए । त्यो घटनाको विश्वभर विरोध भएको थियो । तर नेपालका राजा र राजतन्त्र मौन थियो । त्यो मौनताले हिन्दु राष्ट्रप्रतिको राजतन्त्रको अनुहार झल्काउँथ्यो । तत्कालीन गृहमन्त्री कमल थापालाई भेटेर हामीले यो विषय पनि राख्यौँ । जानकी माताको प्रत्यक्ष सम्बन्ध अयोध्यासँग छ । हामी विश्वको एक मात्र हिन्दु देश पनि हौँ । त्यसैले सरकारले पनि यो घटनाको विरोध गर्नुपर्छ भनेर प्रस्ताव गरियो तर तत्कालीन गृहमन्त्री कमल थापाले मेरो स्तरले यो विषय सम्भव छैन भनेर जवाफ फर्काए । उनले राजासम्म यो कुरा पुर्‍याउन सल्लाह दिए । त्यसपछि हामी राजासम्म यो विषय पुर्‍याउन र पहुँच स्थापित गर्न अघि बढेका थियौँ ।

त्यतिबेला ज्ञानेन्द्रको सल्लाहकार सचित शमशेरकहाँ पुग्यौँ । सचित शमशेरले महाराजसँग कुरा गर्छु भनेर आश्वासन दिएका थिए, केही दिनपछि हामी पुग्यौँ पनि । उनले राजाले दिएको प्रतिक्रिया सुनाए । अयोध्या घटनाको निन्दा गरियो भने पाकिस्तान रिसाउँछ भनेर राजाले भनेका रहेछन् । पाकिस्तानको चिन्ता गर्ने राजा हिन्दुको राजा कसरी हुन सक्छन् ?

हिन्दु राजा भएकै बेला वीरगन्जमा हालको श्रीराम सिनेमा हलको अगाडिको जग्गा अवैध रूपले अतिमखानाको बहानामा इस्लामिक कटरपन्थीहरूलाई दिइएको होइन र ? त्यसको खोजी हिन्दु समाजले गर्दा कट्टरपन्थी इस्लामिक समूहले हिन्दु अभियन्ताहरूमाथि हमला गर्‍यो, सो हमलामा परी गम्भीर घाइते हुनेमध्ये म स्वयं पनि एक हुँ, साँच्चिकै हिन्दु राजा हुन् भने चुइँक्क किन बोलेनन् उनी ? बरु अर्को दिन सो घटनाको विरोधमा प्रदर्शन गर्न हिन्दु समुदाय सडकमा आयो, त्यतिबेला प्रहरीले उल्टै हिन्दुमाथि लाठी चार्जसहित अनगिन्ती अश्रुग्यास र गोली चलाएको बिर्सेको छैन म ।

हिन्दुत्वको वकालत गर्ने आफ्नो ज्यानको बाजी लगाई तन, मन धनले कार्य गर्ने जुन योद्धाहरू मारिए वा बेपत्ता भए (प. नारायण पोखरेल, काशीनाथ तिवारी, देव पौडेल, उमेश पटेल, राधेश्याम पटेल लगायत), तिनका विषयमा ज्ञानेन्द्र शाहले केही किन बोलेनन् ? वा तिनका परिवारका लागि केही किन गरेनन् ? जब कि उनी अहिलेसम्म मन्दिरहरू भ्रमण गरी आफूलाई हिन्दु राजाको रूपमा प्रचारित गर्छन् ।

हाल गणतन्त्र सरकारहरूले हिन्दु समाजको विरोधमा कार्य गरेको छ, यो कुरा स्वीकार गर्छु तर ती हिन्दुविरोधी कार्य गणतन्त्र व्यवस्थाले गरेको होइन, अमुक पार्टी र तिनका नेताले गरेका छन्, संविधानले हामी हिन्दुवादीलाई पनि सत्तामा जाने र हिन्दु हितको कार्य गर्ने बाटो दिएको छ । साँच्चिकै हिन्दु हितको कार्य गर्न चाहन्छौँ भने हिन्दु जनतालाई जागरुक गरौँ र हिन्दुवादी नेताहरूलाई सांसदको रूपमा बढीभन्दा बढी चुनौँ, लोकतन्त्रको मन्दिर संसद्मा हिन्दु राष्ट्रको आवाजलाई बुलन्द पारौँ ।रातोपाटी

## सम्पादकीय

# हरेक निकायमा गठबन्धनको बाध्यता

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा लोकतान्त्रिक विधि अनुसार नेतृत्व चयनको प्रक्रिया राजनीतिमा मात्र नभइ संघसंस्थाहरुमा पनि रहेको छ । लोकतान्त्रिक विधि अनुसार प्रतिनिधि सभा, प्रदेश सभा र पालिकाका लागि जनताद्वारा निर्वाचित हुनुपर्ने प्रावधान छ । तर अन्य निकायहरुमा सम्बन्धित संस्थाका सदस्यहरुबाट नेतृत्व चयन हुनुपर्ने लोकतान्त्रिक प्रावधान छ । अहिले जनताद्वारा निर्वाचित हुने सांसदहरु अथवा प्रदेश सभाका लागि निर्वाचित हुने सांसदहरु, पालिकाको चुनाव सबैमा गठबन्धन गरी दलहरु सहभागि हुने गरेका छन् । त्यसैगरि विभिन्न संघसंस्थाहरुको चुनावमा पनि गठबन्धन गरी नेतृत्वमा पुग्ने चलन चलेको छ । आमनिर्वाचन, पालिकाको निर्वाचन लगायतका केही चुनावहरु बाहेकको निर्वाचनमा दलगत छापबाट नेतृत्व चयन हुँदैन । तर गठबन्धन भने गरिन्छ । नेपालको सबै निकाय र क्षेत्र कुनै न कुनै दलसित प्रत्यक्ष अथवा परोक्ष रुपमा आवद्ध छन् । स्वतन्त्र निकाय भनिए पनि प्रतिनिधित्व दलगत आधारमा नै हुने गर्छ । देशको सिमित लोकतान्त्रिक पुराना संस्थाहरु मध्येको नेपाल बार एशोसिएशनमा चुनाव भइरहेको छ । कानुन व्यवसायीहरु पेशागत रुपमा दलगत भावना भन्दा माथि उठेका हुन्छन् । उनीहरुको विचार राष्ट्रिय बहसको विषय बन्ने गर्छ । तर चुनावमा उनीहरु पनि दलगत गठबन्धन बनाएर सहभागी हुन थालेका छन् । विगतमा लोकतान्त्रिक विचारधारा भएका कानुन व्यवसायीहरुको पक्ष र प्रगतिशिल कानुन व्यवसायीहरुको पक्ष रहने गरेको थियो । त्यही दुई पक्ष मध्येबाट नेतृत्व चयन हुने गर्थ्यो । अहिले देशमा अनेक विचारधारा भएका दलहरु गठन भएका छन् । ती दलहरुको विचारसित आवद्ध कानुन व्यवसायीहरु पनि छन् । त्यसको असर बारको चुनावमा पनि देखिनु स्वभाविक हो । तर कानुन व्यवसायीहरुले गठबन्धन गरी नेतृत्वमा पुग्ने भन्दा विचारधाराको आधारमा चुनाव लड्नु बढी उपयुक्त र दूरगामी असर पार्ने हुन सक्छ । कानुन व्यवसायीहरु विचारगत रुपमा मार्ग दर्शन गर्छन् । अदालतको बहसमा उनीहरु पेशागत मर्यादा अनुसार बहस गरे पनि त्यस बाहिर स्वतन्त्र रुपमा विचार प्रवाहित गर्छन् । देशवासीहरुले कानुन व्यवसायीहरुको विचारलाई सम्मान गर्दै त्यसको आधारमा आफ्नो धारणा बनाउने गरेको देखिन्छ । तर चुनावमा जित हासिल गर्न कानुन व्यवसायीहरुले वैचारिक मिलाप हुन नसक्ने पक्षहरुसित पनि तालमेल गर्न थालेका छन् । राजनीति दलहरुमा हुने यस्ता गठबन्धनको पनि आलोचना हुने गरेको छ । यद्यपि नेताहरुले कुर्सीका लागि त्यसको बेवास्ता गर्दै गठबन्धन बनाउने गर्छन् । कानुन व्यवसायीहरुका लागि नेतृत्वमा पुग्नु सबै थोक होइन । उनीहरु देशलाई मार्ग दर्शन गर्ने निकाय हो । पञ्चायतकालमा कमै निकायमा लोकतान्त्रिक विधि अनुसार नेतृत्व चयन हुन्थ्यो । त्यस मध्यको बार पनि प्रमुख हो । गठबन्धन गर्दा त्यसको अग्रगामी प्रभावबारे ध्यान दिन आवश्यक छ ।

# सबै समुदायको संवैधानिक आयोग छ, श्रम आयोग किन भएन ?



एमपी यादव




हाम्रो संविधान (२०७२) लाई दक्षिण एसियाकै प्रगतिशील संविधान मानिन्छ । यसले मौलिक अधिकार, समानता र सामाजिक न्यायलाई जोड दिएको छ । धारा ३४ मा श्रमको हक, धारा १८ मा समानताको हक र धारा ४२ मा सामाजिक न्यायको व्यवस्था छ, जसले सैद्धान्तिक रूपमा श्रमिकको अधिकार सुनिश्चित गर्छ । यति हुँदाहुँदै पनि संविधानमा श्रमिकको विशिष्ट 'क्लस्टर'का रूपमा संवैधानिक पहिचान र संरक्षण किन अपूर्ण छ ? सबै समुदायको संवैधानिक आयोगको व्यवस्था छ तर संवैधानिक राष्ट्रिय श्रम आयोग किन भएन ? किन श्रमिकको सहभागिताको व्यवस्था गरिएन ? संवैधानिक श्रम आयोगको अभावले यो समस्या किन गहिरिएको छ ? अन्तर्राष्ट्रिय श्रम मापदण्ड, दिगो विकास लक्ष्यहरू र श्रमिक र किसानको मुलुकको जीडीपीमा योगदान (रेमिट्यान्स) सहितको सन्दर्भमा पनि यो कमजोरी किन कायम छ ? यी प्रश्नले नेपालको संवैधानिक ढाँचा र श्रमिक वर्गको वास्तविक अवस्थाबिचको ठुलो खाडल उजागर गर्छ ।

**संविधानमा 'क्लस्टर'**

संविधानमा 'क्लस्टर' भन्नाले कुनै विशिष्ट समूह वा वर्गको पहिचान, संरक्षण र प्रतिनिधित्वको संवैधानिक व्यवस्थालाई बुझिन्छ । यो एउटा संरचनागत ढाँचा हो, जसले समाजका विभिन्न समूहलाई उनीहरूको विशेष आवश्यकता, योगदान र ऐतिहासिक उत्पीडनका आधारमा मान्यता दिन्छ । धारा ४२ ले महिला, दलित, आदिवासी जनजाति र मधेसीलाई 'क्लस्टर'का रूपमा मान्यता दिएको छ । यी समूहलाई विशेष अधिकार, आरक्षण र नीति निर्माणमा सहभागिताको अवसर दिइएको छ । 'क्लस्टर'ले यस्ता समूहको संवैधानिक संरक्षण र संगठनका आधार तयार गर्छ, जसले उनीहरूको हक-हितलाई प्रभावकारी बनाउँछ । श्रमिकको सन्दर्भमा 'क्लस्टर'ले उनीहरूलाई विशिष्ट समूहको रूपमा पहिचान गरी संरचनागत प्रतिनिधित्व, अधिकार संरक्षण र नीति कार्यान्वयनको संयन्त्र प्रदान गर्न सक्छ । तर संविधानमा श्रमिक र किसानको यस्तो 'क्लस्टर'को व्यवस्था छैन, जसले उनीहरूलाई संवैधानिक तहमा कमजोर बनाएको छ ।

**संवैधानिक श्रम आयोग**

संवैधानिक श्रम आयोग एउटा स्वतन्त्र संवैधानिक निकाय हो, जसलाई संविधानले स्थापना गर्ने अधिकार र जिम्मेवारी प्रदान गर्छ । यो आयोगले श्रमिकहरूको अधिकार संरक्षण, नीति-निर्माणमा उनीहरूको सहभागिता सुनिश्चितता र श्रमसम्बन्धी विवाद समाधानमा काम गर्छ । सरकार, रोजगारदाता र श्रमिकबिच सन्तुलन कायम राख्दै यो निकायले न्यूनतम ज्याला निर्धारण, सुरक्षित कार्य वातावरणको ग्यारेन्टी र सामाजिक सुरक्षाको प्रत्याभूति गर्न सक्छ ।

संविधानमा यस्तो आयोगको व्यवस्था भएमा श्रमिकको 'क्लस्टर'ले संवैधानिक मान्यता पाउँछ र उनीहरूको आवाजलाई संरचनागत रूपमा बलियो बनाउन सकिन्छ । यो आयोगले श्रमिकको आर्थिक र सामाजिक हितलाई संरक्षण गर्न सरकारलाई जवाफदेही बनाउँछ । यसै गरी श्रमिकको प्रतिनिधित्व, अधिकार संरक्षण, अन्तर्राष्ट्रिय मापदण्डको पालना, सामाजिक न्यायको कार्यान्वयन र आर्थिक योगदानको सम्मानका लागि संवैधानिक श्रम आयोगको आवश्यकता छ ।

**श्रमिकको वास्तविक अवस्था**

नेपालमा श्रमिकहरूको अवस्था चिन्ताजनक छ । अन्तर्राष्ट्रिय श्रम संगठनको २०२२ को तथ्याङ्कअनुसार, ६० प्रतिशतभन्दा बढी श्रमिक असंगठित क्षेत्रमा कार्यरत छन् । यहाँ न्यूनतम ज्याला हाल मासिक १७ हजार तीन सय रुपैयाँ छ, कार्यस्थल सुरक्षा र सामाजिक सुरक्षाको पहुँच छैन । खाडी मुलुकमा जाने आप्रवासी श्रमिकहरू शोषणको सिकार छन्– कम ज्याला, असुरक्षित काम र मानव बेचबिखनका घटनाहरू बारम्बार देखिन्छन् । उदाहरणका लागि, कतार विश्वकप निर्माणमा नेपाली श्रमिकको मृत्युले यो समस्या उजागर गरेको छ । यस्तै कृषि क्षेत्रमा काम गर्ने लाखौँ श्रमिकको जीवनस्तर न्यून छ । परम्परागत खेती र स्रोत अभावले उनीहरूको उत्पादकत्व कमजोर छ । श्रम ऐन, २०७४ र सामाजिक सुरक्षा ऐन, २०७४ ले सुधारको प्रयास गरे पनि संवैधानिक 'क्लस्टर'को अभावले यी कानुनको प्रभावकारिता कमजोर छ ।

श्रमिक र किसानको जीडीपीमा योगदान

नेपालको अर्थतन्त्रमा श्रमिक र किसानको योगदान आधारभूत छ । विश्व बैंकको २०२३ को तथ्याङ्कअनुसार, कृषि क्षेत्रले नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को २७ प्रतिशत योगदान गर्छ र ६५ प्रतिशत जनसंख्यालाई रोजगारी प्रदान गर्छ । तर सिँचाइ, आधुनिक प्रविधि र बजार पहुँचको अभावले उत्पादकत्व न्यून छ । अर्कोतर्फ आप्रवासी श्रमिकको रेमिट्यान्सले जीडीपीको २६.६ प्रतिशत ओगट्छ । सन् २०२३ मा रेमिट्यान्सबाट ११ बिलियन अमेरिकी डलर प्राप्त भयो, जुन आधिकारिक विकास सहायता र विदेशी लगानीको कुल योगभन्दा बढी हो । नेपाल राष्ट्र बैंकको २०२२/२३ को प्रतिवेदनले रेमिट्यान्सले व्यापार घाटाको ८४ प्रतिशत वित्तपोषण गरेको देखाउँछ । यी दुई क्षेत्रको संयुक्त योगदान ५३ प्रतिशत भन्दा बढी छ । रेमिट्यान्सले गरिबी ७० प्रतिशतबाट २५ प्रतिशतमा झारेको छ, तर यो रकम उत्पादनमूलक क्षेत्रमा कम र उपभोगमा बढी खर्च हुन्छ । यो विशाल योगदानको बाबजुद संविधानमा श्रमिक र किसानको 'क्लस्टर'को अभावले उनीहरूको सम्मान र संरक्षण हुन सकेको छैन ।

संविधानमा यस्तो आयोगको व्यवस्था भएमा श्रमिकको 'क्लस्टर'ले संवैधानिक मान्यता पाउँछ र उनीहरूको आवाजलाई संरचनागत रूपमा बलियो बनाउन सकिन्छ । यो आयोगले श्रमिकको आर्थिक र सामाजिक हितलाई संरक्षण गर्न सरकारलाई जवाफदेही बनाउँछ ।

**श्रम मापदण्ड र दिगो विकास**

अन्तर्राष्ट्रिय श्रम संगठनको मापदण्डले सम्मानजनक काम, उचित ज्याला र सामाजिक सुरक्षालाई जोड दिन्छ । नेपालले अन्तर्राष्ट्रिय श्रम संगठनको सात कोर कन्भेन्सन अनुमोदन गरेको छ । जस्तै : बालश्रम निषेध (कन्भेन्सन १३८ र १८२) । दिगो विकास लक्ष्यहरूमा लक्ष्य आठ (सम्मानजनक काम) र लक्ष्य १० (असमानता न्यूनीकरण) ले श्रमिक र किसानको हितलाई प्राथमिकता दिन्छ । तर, संवैधानिक 'क्लस्टर'को अभावले यी लक्ष्यको कार्यान्वयन अधुरो छ । 'क्लस्टर' र संवैधानिक आयोगको अभावले श्रमिकको आवाज नीति निर्माणमा कमजोर छ । रेमिट्यान्स र कृषिको योगदानले अर्थतन्त्र धाने पनि, संवैधानिक पहिचान नहुँदा राष्ट्रिय कार्ययोजना २०२४-२०२८ जस्ता योजना प्रभावकारी हुन सकेका छैनन् । अन्तर्राष्ट्रिय श्रम मापदण्ड र दिगो विकास लक्ष्यहरूको लक्ष्यमा पनि बाधा पुगेको छ ।

अन्त्यमा, नेपालको संविधानमा श्रमिकको 'क्लस्टर', संवैधानिक आयोग र सहभागिताको अभावले उनीहरूको पहिचान र संरक्षण अपूर्ण छ । 'क्लस्टर'ले श्रमिक र किसानलाई संवैधानिक मान्यता र शक्ति दिन्छ । जीडीपीमा ५३ प्रतिशत योगदान दिने यो वर्गको सम्मान र संरक्षण संवैधानिक श्रम आयोगले मात्र गर्न सक्छ । अन्तर्राष्ट्रिय श्रम मापदण्ड र दिगो विकास लक्ष्यहरूको सन्दर्भमा पनि यो कमजोरी प्रस्ट छ । मार्च २९, २०२५ सम्म संवैधानिक संशोधन र व्यावहारिक कार्यान्वयनको खाँचो छ । जबसम्म श्रमिक र किसानलाई 'क्लस्टर'को मान्यता दिइँदैन, तबसम्म संविधान उनीहरूका लागि अपूर्ण रहनेछ ।(लेखक यादव नेपाल ट्रेड युनियन कांग्रेससँग आबद्ध छन् ।)

## 'रेडियो नेपाल देश र जनताको हो' : सञ्चारमन्त्री गुरुङ

काठमाण्डु । सञ्चार तथा सूचनाप्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सत्ताको नभई देश र जनताको पक्षमा रेडियो नेपालले काम गर्नुपर्ने बताउनुभएकोछ ।

काठमाडौँमा बुधबार सार्वजनिक सेवा प्रसारण नेपालअन्तर्गतको रेडियो नेपालको ७५औँ हीरक महोत्सव समारोहलाई सम्बोधन गर्दै सञ्चारमन्त्री गुरुङले 'पिएसबी मोडल'मा सञ्चालन भएको रेडियो नेपालले सत्ताभन्दा देश र जनताको पक्षमा काम गर्नुपर्ने बताउनुभयो ।

रेडियो नेपालले अब कुनै पनि राजनीतिक नेता तथा पार्टीको गुणगान गाउन आवश्यक नभएको उल्लेख गर्दै उहाँले सत्यतथ्य र आधिकारिक सूचना सम्प्रेषण गरी आमजनतालाई सुसूचित गर्न निर्देशन दिनुभयो । सञ्चारमन्त्री गुरुङले मुलुकभित्रको विविधतामा एकता खोजी समावेशी चरित्रको भूमिका निर्वाह गर्दै देशका सबै वर्ग, क्षेत्र र पक्षले अपनत्व गर्ने सञ्चार गृहका रुपमा रेडियो नेपाल स्थापित हुनुपर्नेमा जोड दिनुभयो ।

सार्वजनिक सेवा प्रसारण नेपाल 'पिएसबी' का कार्यकारी अध्यक्ष डा महेन्द्र विष्टले रेडियो नेपालको पहुँच विस्तार कार्य तीव्र बनाउनुका साथै जनताले पाउनुपर्ने सत्यतथ्य सूचनाको हकलाई प्रत्याभूति गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । समयको माग र सूचनाप्रविधिको विकाससँगै रेडियो नेपालको कार्यशैलीमा परिवर्तन गरेको जानकारी दिँदै कार्यकारी अध्यक्ष डा विष्टले सङ्घीय समावेशी अवधारणालाई आत्मसाथ गरी मुलुकका सबै पक्षको अपनत्व हुनेगरी सेवा प्रवाह गरिरहेको स्पष्ट गर्नुभयो ।

सो अवसरमा रेडियो नेपालमा २५ वर्ष सेवा गरेका कर्मचारी, उत्कृष्ट कर्मचारी र गीतसङ्गीत क्षेत्रका उत्कृष्ट स्रष्टाहरुलाई पुरस्कारसहित सम्मान गरिएको थियो ।रासस

### हिउँदे अधिवेशन समीक्षा :

# कानून निर्माण सुस्त, जवाफदेहिता कमजोर

काठमाण्डु । सङ्घीय संसद्का दुवै सदनको हिउँदे अधिवेशन मङ्गलबार रातिदेखि अन्त्य भएका छन् । प्रतिनिधिसभाको पाँचौँ अधिवेशन र राष्ट्रिय सभाको सत्रौं अधिवेशनमा विभिन्न विधेयक, अध्यादेश, सार्वजनिक महत्वका विषयहरू, वार्षिक प्रतिवेदनलगायत प्रस्तुत गरिए ।

यद्यपि, मुख्यतः कानून निर्माणमा केन्द्रित हुनुपर्ने अधिवेशनको प्रभावकारिता, पारित विधेयकहरूको गुणस्तर, कार्यान्वयन पक्ष तथा संसदीय छलफलको प्रभावकारितामाथि भने संसद्मै प्रश्न उठे । समय उपयोगका हिसाबले हेर्दा ६१ दिन चलेको हिउँदे अधिवेशनमा प्रतिनिधिसभा २५ दिन र राष्ट्रियसभा जम्मा २० दिन मात्र सञ्चालन रह्यो । प्रतिनिधिसभाको २५ दिन बसेको बैठकमा ११८ घण्टा २१ मिनेट र राष्ट्रियसभाको २० दिन बसेको बैठकमा ४२ घण्टा २७ मिनेट समय खर्च भएको देखिन्छ । यसरी संसदीय कामकारवाहीमा निकै कम समय बित्नुले आफैमा संसदीय कामकाजको उत्पादकत्वप्रति प्रश्न उब्जाएको छ ।

"जति मात्रामा विधेयक बन्नुपर्ने थियो र बनाउन सकिन्थ्यो, त्यसमा सोचेजति प्रगति भएन । विधेयक अविधेशनमा सम्पादन भएका कामलाई सन्तोषजनक मान्न मिल्दैन", सत्तारूढ दल नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे भन्नुहुन्छ । कानून निर्माणको गतिलाई बढाउनुपर्ने र त्यसका लागि विद्यमान कानुन संशोधन गरेरै निश्चित समय सीमा तोक्नुपर्ने उहाँको बुझाइ छ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का प्रमुख सचेतक हितराज पाण्डे हिउँदे अधिवेशनमा अध्यादेश र प्रतिस्थापन विधेयक पारित गर्न बढी केन्द्रित भएको बताउनुहुन्छ । "पाँचौँ अधिवेशनमा हामीले अपेक्षाकृत रूपमा कानुन बनाउन सकेनौँ । खासगरी बहुप्रतिक्षित सङ्घीय निजामती सेवा विधेयक र विद्यालय शिक्षासम्बन्धी विधेयक यस अविधेशनबाट पारित गर्न सम्भव भएन", उहाँले रासससँग भन्नुभयो, "विधेयक अधिवशेन भएर पनि यसले सफलता प्राप्त गर्न सकेन । सरकारले विधेयक र विधायनलाई प्राथमिकतामा राखेन ।"

अर्कोतर्फ, तोकिएको समयमा भन्दा ढिलो गरी मात्र बैठक बस्ने प्रवृत्ति र प्रतिपक्षको अवरोधका कारण संसद्का काम प्रभावित भए । संसद्को महत्त्वपूर्ण समय सीमित बैठकहरूमा खर्च हुनुले नीति निर्माणको आवश्यकतालाई नजरअन्दाज गरिएको रूपमा बुझ्न कठिन छैन । त्यस्तै, संसद् बैठकमा सरकारका मन्त्रीको अनिवार्य उपस्थिति हुनुपर्ने व्यवस्था रहेपनि मन्त्री अनुपस्थित भएकै कारणसमेत बैठक स्थगनको स्थिति यो अधिवेशनमा सिर्जना भयो ।

संसद्को मुख्य काम कानुन निर्माण हो । तर अध्यादेशबाट ल्याइएका र ६० दिनभित्र पारित गर्नैपर्ने संवैधानिक बाध्यात्मक व्यवस्थाबाहेकका अरू महत्त्वपूर्ण विधेयकहरू प्राथमिकतामा पर्न सकेनन् । प्रतिस्थापन विधेयकबाहेक थप पाँचवटा विधेयकहरू पारित भएर कार्यान्वयनमा आए । अधिकांश विधेयकहरू केवल दर्ता भएका छन् भने केही समितिमा विचाराधीन रहेका छन् । त्यस्तै, विधायन प्रक्रियाबारे दुवै पक्षका सांसदहरूबाट प्रश्न उठे । उदाहरणका लागि 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१' संसद्मा दर्ता भएर अर्थ समितिमा विचाराधीन रहेको अवस्थामै अध्यादेशबाट यो कानून संशोधन गरियो । समितिमा छलफलका क्रममा रहेको विधेयकलाई अध्यादेशमार्फत् ल्याइनुले विधायिकी प्रक्रिया मिचिएको भनेर आलोचना भयो । यसलाई सरकारको नीतिगत बलमिच्याँइ र अस्थिरताको कमजोरीको उपजका रूपमा बुझ्न सकिन्छ ।

प्रतिनिधिसभा नियमावलीअनुसार प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम भए पनि यसलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिइएन । सांसदहरूले उठाएका गम्भीर र महत्वपूर्ण प्रश्नहरूलाई सामान्य उत्तरहरूद्वारा टार्न खोज्ने प्रवृत्ति संसद्मा देखियो । प्रधानमन्त्री तथा मन्त्रीहरूले सदनमा बोलेका कुराहरू सरकारलाई जवाफदेही र उत्तरदायी बनाउनेभन्दा पनि केवल औपचारिकता निभाउने जस्तो मात्रै देखिए । यस्तो कार्यशैलीले प्रभावकारी संसदीय अभ्यास माथि प्रश्न उठाउने राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेत सन्तोष परियार बताउनुहुन्छ । "बलियो सरकारलाई दम्भ छ । जसकारण उसले संसद्को सार्वभौमिकता, मर्यादा र गाम्भीर्यतालाई नबुझ्ने रहेछ", परियार भन्नुहुन्छ, "संसद्मा उठेका प्रश्नहरूको जवाफ नदिने, जवाफ दिइहाले प्रतिशोधको भाषा प्रयोग गर्नेजस्ता व्यवहार भए । यस अर्थमा संसद्को गाम्भीर्यता देखिएन ।"

संसद्मा उठेका सार्वजनिक महत्त्वका विषयहरूमाथि सरकारले बेवास्ता गरेको भनेर सांसदबाटै सदनमा पटक-पटक गुनासो आए । जाजरकोट भूकम्प तथा गत असोजको बाढीपहिरो पछिको पुनर्निर्माण, राहत तथा पुनर्स्थापनालगायत कार्यमा ढिलाई, जङ्गली जनावरको आतङ्क, ग्रामीण स्वास्थ्य सेवा तथा विपन्न नागरिकका लागि निःशुल्क उपचार, डिजिटल कारोबारमा करलगायत विषयहरू संसद्मा उठे पनि सरकारले यी विषयहरूमा सन्तोषजनक जवाफ संसद्मा दिन सकेन । यस्ता जनजीविकासँग जोडिएका विषयमा के-कस्ता नीति निर्माण भए र कार्ययोजना बनाइए भनेर ठोस उत्तर सरकारबाट नआएको गुनासो सांसदहरूले सदनभित्रै पोख्ने गरेका छन् ।

यसअर्थमा पनि सरकारबाट आउने जवाफहरू नतिजा लक्षित र कार्यान्वयनमुखीभन्दा औपचारिकता पूरा गर्नकै लागि मात्रै रहेको रूपमा बुझ्न सकिन्छ । यो अधिवेशनमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखापरीक्षक, मानव अधिकार आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायतका प्रतिवेदन संसद्मा प्रस्तुत भए । ती प्रतिवेदनहरू संसद्मा पेश गरिए पनि गहिरो छलफल गरिएन ।

त्यस्तै, अन्तरराष्ट्रिय सम्झौता अनुमोदनमा आलोचनात्मक दृष्टिकोणको अभाव संसद्मा देखियो । 'मोन्ट्रियल प्रोटोकल किगाली संशोधन सर्वसम्मतिबाट पारित गरियो । तर यसले नेपालको वातावरणीय नीति, औद्योगिक प्रभाव, तथा आर्थिक भारमा कस्तो असर पार्नेछ भन्ने विस्तृत छलफल भएन । त्यस्तै, सरकारको नीतिगत स्थायित्व र निर्णय क्षमतामा प्रश्न उठ्नेगरी अनेकौँ विषय सदनमा आए । नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकको बर्खास्तीदेखि पूर्वविशिष्ट पदाधिकारीहरूको सेवा सुविधासम्बन्धी कानुनी आवश्यकताजस्ता विषय पेचिलो रूपमा उठाइए ।

रास्वपा प्रमुख सचेतक परियार संसद् र सरकारबीच समन्वयात्मक रूपमा काम गर्न नसक्दा कमजोर नतिजा देखिएको बताउनुहुन्छ । संसद् र सरकारबीचको अन्योन्याश्रित सम्बन्धलाई बुझ्न नसक्दा सदनका धेरै काम प्रभावित भएको उहाँको बुझाइ छ । त्यस्तै, संविधानप्रदत्त जनताका अधिकार प्रत्याभूति गराउने र परिवर्तनका आभास हुनेगरी पर्याप्त काम हुन नसकेको सबैले स्वीकार्नुपर्ने परियार बताउनुहुन्छ ।

"संविधानमा व्यवस्था भएका जनताका अधिकार र राज्य संरचनालाई संस्थागत गर्ने कानूनहरू बन्न सकेनन् । उदाहरणका लागि विद्यालय शिक्षा विधेयक, निजामती सेवा विधेयक, प्रहरी विधेयकलगायत कानुन बन्न सकेनन् । जबकि सङ्घीयता कार्यान्वयन, विभिन्न तहका सरकारलाई अधिकार सम्पन्न बनाउनेजस्ता हाम्रो शासन प्रणालीमा परिवर्तनका लागि यी कानुन अत्यावश्यक थिए", परियार भन्नुहुन्छ, "धेरै अगाडि निर्माण गरेर कार्यान्वयनमा ल्याइसक्नुपर्ने यी कानूनहरू अझै पनि अड्किएर बस्नुले हाम्रो कानून निर्माण प्रक्रिया कति चुस्त र प्रभावकारी छ भन्ने देखाउँछ ।" संविधान कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन अझै बन्न नसक्नु र ती विषयमा राजनीतिक दलहरूबीच पर्याप्त छलफल तथा सहकार्यसमेत नहुँदा संविधान कार्यान्वयनकै सवालमा प्रश्न उठ्ने गरेको उहाँको भनाइ छ ।

पहिलो अधिवेशनयताका प्रतिनिधिसभामा २४ वटा र राष्ट्रियसभामा २७ वटा विधेयक दर्ता छन् । सदनबाट भएका निर्देशन र रूलिङको कार्यान्वयन अवस्थाबारे स्वयम् सदनलाई नै जानकारी नहुने अवस्था छ । उदाहरणका लागि भारतको उडिसा राज्यस्थित कलिङ्ग इन्सिच्युट अफ् टेक्नोलोजि (केआइआइटी) मा अध्ययनरत छात्रा प्रकृति लम्सालको रहस्यमय मृत्युको घटना र त्यहाँ अध्ययनरत अन्य विद्यार्थीको सुरक्षा प्रत्याभूतिका सन्दर्भमा रूलिङ भएको थियो । तर, रूलिङपछि यो घटनाबारे सांसदहरूले चाँसो हराउँदै गयो भने सदनले पनि पछिल्लो अवस्थाबारे जानकारी सार्वजनिक गर्न आवश्यक ठानेन ।

सङ्घीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरी विधेयक अधिवेशन अपेक्षित रूपमा नराम्रो नरहेको टिप्पणी गर्नुहुन्छ । "कानुन निर्माणको कुरा गर्ने हो भने नौ वटा विधेयक यहि बीचमा प्रमाणीकरण भएका छन् । सरकारमाथि संसद्को निगरानीको सन्दर्भमा हेर्ने हो भने पनि जवाफ दिनेक्रम त्यस्तो नराम्रो छैन । यो अधिवेशनको काम असन्तोष मान्नुपर्ने अवस्थाको छैन", गिरी भन्नुहुन्छ, "यद्यपि, लिखित र मौखिक प्रश्नको हकमा हामी अन्तिम दिनमा टेबुल गर्ने भन्ने थियो । विशेष कारणवस हुन सकेन । हामीले प्रश्नोत्तर कार्यक्रम सञ्चालन गर्न सकेनौँ ।" नियमित रूपमा समितिका बैठक बस्ने, प्रतिस्थापन विधेयकका विषयवस्तुमाथि समितिमा पर्याप्त छलफल गर्ने कुरामा केही कमजोरी रहेको पनि उहाँ स्वीकार्नुहुन्छ । एकाध बाहेक पूर्वनिर्धारित 'क्यालेन्डर' अनुसार नै बैठक बसेको पनि गिरीले बताउनुभयो ।

समग्रमा, यस अधिवेशनले नीति निर्माण, कानूनी सुधार र विकासका विषयमा केही छलफल गरे पनि त्यसको प्रभावकारिता र कार्यान्वयनमुखी दृष्टिकोणमा कमजोरी देखिन्छ । संसद्मा प्रस्तुत धेरै विधेयकहरू प्रक्रियागत रूपमा अड्किएका छन्, प्रधानमन्त्री र मन्त्रीहरूको जवाफ औपचारिक देखिन्छ र संसद्को समयको उपयोगितामा सुधार गर्न आवश्यक छ । नीतिगत स्थिरता, निर्णय क्षमतामा सुधार र संसदीय कार्यक्षमताको पुनरावलोकन गर्न जरूरी देखिन्छ ।रासस



# सहकारी अभियान र सरकार सँगैसँगै हातेमालो गरेर अगाडि बढिरहेको छ : उपप्रधानमन्त्री सिंह




काठमाण्डु । प्रधानमन्त्रीको समेत जिम्मेवारी सम्हाल्नुभएका उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले सहकारी अभियान र सरकार सँगैसँगै हातेमालो गरेर अगाडि बढिरहेको बताउनुभएको छ ।

काठमाडौँमा बुधबार आयोजित ६८औँ राष्ट्रिय सहकारी दिवस तथा अन्तरराष्ट्रिय सहकारी वर्ष-२०२५ को मूल समारोहलाई सम्बोधन गर्दै उपप्रधानमन्त्री सिंहले सहकारी मर्यादित हुन सके मात्रै त्यसले समुन्नत समाज निमार्णको आधार तयार गर्न सक्ने बताउनुभयो ।

"सहकारीका सदस्यहरु साझा बन्धनमा बलियो गरी बाँधिएका हुन्छन् अर्थात् सहकारीमा साझा बन्धन अनिवार्य हुन्छ । नेपालको सहकारी अभियानमा ७३ लाखभन्दा बढी सदस्य आबद्ध छन्", उहाँले भन्नुभयो, "सहकारीमा महिलाको ५६ प्रतिशत सहभागिता रहेको छ, यसले महिला सशक्तिकरण र नेतृत्व विकासमा आफ्नो योगदानलाई थप सार्थक तुल्याएको छ ।"

उपप्रधानमन्त्री सिंहले सहकारी आफैमा आर्थिक र सामाजिक जागरणको अभियान भएको बताउनुभयो । हाम्रो संविधानले सहकारी क्षेत्रलाई गरिबी न्यूनीकरण, आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको एक महत्वपूर्ण आधार स्तम्भको रुपमा स्वीकार गरेको बताउनुभयो ।

"सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति र सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने नीति संविधानमा नै उल्लेख गरेका छौँ," उहाँले भन्नुभयो । नेपालमा रहेका ३१ हजारभन्दा बढी सहकारी संस्थामध्ये विगत केही समयदेखि केही सहकारी संस्थामा जनताको बचत रकम फिर्ताको समस्या देखिएको उल्लेख गर्दै उपप्रधानमन्त्री सिंहले सहकारीमा सदस्यहरु नै केन्द्रीय तत्व हुने तथा उनीहरु पीडित बन्नुपर्ने अवस्था आउन नहुनेमा जोड दिनुभयो ।

"केही सहकारीमा मात्र देखिएको समस्या हो भनेर हामी चुप बस्न सक्दैनौँ । हाम्रा प्रयासलाई अझ धेरै प्रभावकारी बनाउन सरकार प्रतिबद्ध छ," उपप्रधानमन्त्री सिंहले भन्नुभयो, "हालसालै सहकारी ऐनमा समसामयिक संशोधन गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापनाका साथै अन्य व्यवस्था गरी सरकार सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न र सहकारी क्षेत्रमा सुशासन कायम गर्न कटिबद्ध छ ।"

नागरिकको सबै बचत सहज रुपमा फिर्तागराउन सहकारी अभियानले पनि थप दायित्वबोध गर्नुपर्ने र सरकार नेपालको सहकारी अभियानसँग हातेमालो गर्दै आएको उपप्रधानमन्त्री सिंहको भनाइ थियो । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्दै सहकारी व्यवस्थित भएको सन्देश प्रभाव गर्नुपर्ने बताउनुभयो । "तीन खम्बे अर्थनीतिमध्ये सहकारी पनि एक हो, तसर्थ यसलाई व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्छ," उहाँले भन्नुभयो, "सरकारले पनि सहजीकरण गर्दै आइरहेको छ । यसकारण समस्या समाधान गर्न प्राधिकरण ल्याएका छौँ ।"

मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेलले सहकारी क्षेत्रमा युवा वर्गको सहभागिता अझै बढाउनुपर्ने, आर्थिक, समाजिक र सांस्कृतिक विकासका लागि सहकारीलाई मर्यादित बनाउनुपर्ने, सहकारीलाई भरपर्दो बनाउने प्रयास गर्नुपर्नेमा जोड दिनुभयो ।

सहकारी क्षेत्रको छाता सङ्गठन राष्ट्रिय सहकारी महासङ्घका अध्यक्ष ओमदेवी मल्लले सहकारीमा देखिएका चुनौती समाधान गर्ने हो भने मात्रै 'मर्यादित सहकारीः समुन्नत समाज'को नारा कार्यन्वयनमा आउने बताउनुभयो । सहकारीलाई कसैले पनि निजी कम्पनी जस्तो बनाउन नहुनेमा उहाँले जोड दिनुभयो ।रासस

## पत्रकारमाथि हमला गर्नेलाई हदैसम्मको कारवाही हुन्छ : गृहमन्त्री लेखक

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले यही चैत १५ गते शुक्रबार काठमाडौँको तिनकुनेमा सञ्चारमाध्यम र सञ्चारकर्मीमाथि भएको हिंसात्मक घटनाको निष्पक्ष छानविन गरी दोषीलाई हदैसम्मको कारवाही गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

नेपाल पत्रकार महासङ्घका महासचिव रामप्रसाद दाहाल नेतृत्वको टोलीले बुधबार मन्त्रालयमा दिएको ध्यानाकर्षणपत्र बुझ्दै गृहमन्त्री लेखकले अराजक, हिंस्रक एवम् सिद्धान्त बिनाको भिडले तिनकुनेमा वितण्डा मच्चाएको घटनाप्रति सरकार गम्भीर रहेको बताउनुभयो ।

"तिनकुनेमा भएको अराजक भिडको कुनै निश्चित वाद, सिद्धान्त केही पनि थिएन, मात्रै अपराधिक कार्य गर्ने उद्देश्य थियो, लक्ष्य थियो ।" गृहमन्त्री लेखकले भन्नुभयो, "विध्वंश मच्चाउने झुण्डले उग्रता देखायो, त्यसको मार सञ्चारगृह र सञ्चारकर्मीलाई पर्न गएको छ, यस विषयमा नेपाल सरकार गम्भिर छ ।"उहाँले हिंसात्मक प्रदर्शनका क्रममा सञ्चारकर्मी रहेको घरमा आगजानी गर्ने, सञ्चार गृह र सञ्चारकर्मीलाई निसाना बनाएको विषयमा सरकारले निष्पक्ष छानविन गरी दोषी पक्षलाई कारवाही गरिने बताउनुभयो ।

यसैगरी तिनकुने घटनामा ज्यान गुमाएका पत्रकार सुरेश रजक र अन्य घाइते पत्रकारका विषयमा गम्भीर भएको उल्लेख गर्दै गृहमन्त्री लेखकले उक्त विषयमा के गर्न सकिन्छ भन्ने विषयमा सरकार लागिरहेको छ भन्नुभयो । सो अवसरमा महासचिव दाहालले तिनकुने घटनामा परी एक फोटो पत्रकारको ज्यान गएको र सञ्चारगृहहरूमाथि हमला भएको घटनाको निष्पक्ष छानविन गर दोषी पक्षलाई हदैसम्मको कारवाही गर्न अनुरोध गर्नुभएको गृहमन्त्रीको सचिवालयले जनाएको छ ।रासस


**प्रभु बैंक लिमिटेड शाखा कार्यालय जनकपुर, धनुषाका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

**(सूचना प्रकाशित मिति २०८१/१२/२१ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.)का तपसिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको व्याज एवं किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी तहाँ ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं ऋणी, जमानतकर्ता लगायतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सकिने, कर्जाको सुरक्षण वापत धितो रहेको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौँ । बैंकको उल्लेखित काम कारवाहीबाट तहाँ ऋणी लगायत जमानतकर्ताको व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा उपर पर्न सक्ने असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर धनुषामा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम मिति २०७२/१२/२१ मा दर्ता भई प्रा.फ.र.नं. ४१३६/०७२/०७३ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुरबाट मिति २०७३/०१/०८ (मु.अ.क. दर्ता मिति २०७३/०१/०८) मा करदाताको नाम श्याम सुन्दर महतो कारोवारको नाम **श्री जित हार्डवेयर भई** स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.६०४०७६९३५ को प्रमाणपत्र प्राप्त **श्री जित हार्डवेयर ।** फर्मको ठेगाना : धनुषा जिल्ला मिथिला नगरपालिका, वडा नं. ६ ।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : श्याम सुन्दर महतो**<br>(ना.प्र.नं. १७-०१-७१-०१२९१, जारी मिति २०७१/०६/१०, प्रतिलिपि जारी मिति २०७१/१०/१०, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।<br>ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ८<br>(साविक बेंगाडावर गा.वि.स., वडा नं. २) ।<br>बाबु: राम उदगार महतो कोईरी । बाजेः राम स्वरुप महतो । | **जमानतकर्ता : राम उदगार महतो कोइरी**<br>(ना.प्र.नं. १७१११८३२१२, जारी मिति २०३४/०४/१६, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।<br>ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ८<br>(साविक बेंगाडावर गा.वि.स., वडा नं. २) ।<br>बाबु: राम स्वरुप महतो । बाजेः दरबारी महतो । |
| **जमानतकर्ता : शिव कुमारी महतो**<br>(ना.प्र.नं. १७३०९७/३९७, जारी मिति २०६३/१०/२१, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।<br>ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ८<br>(साविक बेंगाडावर गा.वि.स., वडा नं. २) ।<br>बाबु: राम चलितर महतो ।<br>पति : राम उदगार महतो । ससुराः राम स्वरुप महतो । | **जमानतकर्ता : दुर्गी देवी कोईरिन**<br>(ना.प्र.नं. १७१११८४८०५ जारी मिति २०४६/१०/२८, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा ) ।<br>ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ८<br>(साविक बेंगाडावर गा.वि.स., वडा नं. २) ।<br>बाबु: बलदेव महतो कोईरी<br>पति : राम उदगार महतो । ससुराः राम स्वरुप महतो । |
| **जमानतकर्ता : सुमित कुमार महतो**<br>(ना.प्र.नं. १७-०१-७८-०३६१९, जारी मिति २०७८/०५/०२, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।<br>ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ८ ।<br>बाबु: राम उदगार महतो कोईरी ।<br>बाजेः राम स्वरुप महतो । | १. जमानतकर्ता राम उदगार महतो कोइरीको नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला बेंगाडावर गा.वि.स. वडा नं. २ नक्सा सिट नं. २ख स्थित कित्ता नं. १५७, २१८ र ७८ क्षेत्रफल क्रमसः ०-८-१३-०, ०-१२-१२-० र ०-३-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ............................१<br>२. ऋणी **श्री जित हार्डवेयर**को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण ............................१ |

**नोट : धितो वापत यस बैकको नाममा रहेको निम्नानुसारको सवारी साधन यस बैकलाई वुझाउनु हुन समेत ऋणी तथा जमानतकर्ताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।**

**सवारी साधनको विवरण :**

धनी प्रभु बैंक लि. (साविक सेञ्चुरी कमर्सियल बैंक लि) ऋणी **श्री जित हार्डवेयर** भई प्रदेश सरकार, प्रदेश नं. २, भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात कार्यालयमा जनकपुरमा दर्ता भएको, ईन्जिन नं. WCM4K17600 र च्यासिस नं. MAITA2WCXM2K43707 बनाउने कम्पनी महेन्द्रा एण्ड महेन्द्रा को सवारी नं प्रदेश नं. २ -०२ -००१ च ०९४४ को प्राईभेट जीप Mahindra Scorpio.....१

१. जमानतकर्ता राम उदगार महतो कोइरीको नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला बेंगाडावर गा.वि.स. वडा नं. २ नक्सा सिट नं. २ख स्थित कित्ता नं. १५७, २१८ र ७८ क्षेत्रफल क्रमशः: ०-८-१३-०, ०-१२-१२-० र ०-३-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ............................१

२. ऋणी **श्री जित हार्डवेयर**को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण ............................१

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# नर्वेले युएसएड कटौतिबाट प्रभावित संस्थालाई सहयोग उपलब्ध गराउने



एएफपी

ओस्लो । नर्वेले अमेरिकी सहायता रोक्काबाट प्रभावित गैरसरकारी संस्थाहरूलाई सहयोग गर्न आपतकालीन कोषका रूपमा ३० करोड क्रोनर (करिब दुई करोड ८७ लाख अमेरिकी डलर) उपलब्ध गराउने भएको छ ।

"यो रकम अमेरिकी अनुदान गुमाएका नर्वेली संस्थाहरूलाई दिइनेछ र लैङ्गिक हिंसाविरुद्ध र प्रजनन स्वास्थ्यका लागि संयुक्त राष्ट्रसङ्घको प्रयासमा खर्च गरिनेछ,' विज्ञप्तिमा भनिएको छ। प्रजनन स्वास्थ्य सहायताले प्रजनन र यौनिकताका सबै पक्षहरू समावेश गर्दछ।राष्ट्रपति डोनल्ड ट्रम्पको प्रशासनले फेब्रुअरीको अन्त्यमा विशेष गरी यूएसएडको विदेशी कार्यक्रमहरूको लागि ९२ प्रतिशत अनुदान कटौतीसहित अमेरिकी वैदेशिक सहायतामा ठूलो कटौतीको घोषणा गरेको थियो ।

"अन्तर्राष्ट्रिय मानवीय प्रणाली सफल भएको छ," नर्वेका सहयोग तथा विकास मन्त्री असमुन्ड औक्रस्टले भन्नुभयो । उहाँले भन्नुभयो, "संयुक्त राज्य अमेरिकाको आर्थिक सहयोग र राजनीतिक नेतृत्वका कारण लाखौं मानिसको ज्यान जोगिएको छ। यो पैसाको बर्बादी हो भन्ने विचारलाई हामी स्वीकार्न सक्दैनौं ।""तर यो प्रणाली अहिलेको भन्दा धेरै प्रभावकारी हुन सक्छ। नर्वेले लामो समयदेखि सुधार र तर्कसङ्गतताको समर्थन गर्दै आएको छ।

आपतकालीन कोषमध्ये कम्तीमा २२ करोड क्रोनर नर्वेली गैरसरकारी संस्थालाई छुट्याइने छ र यसलाई विस्थापित व्यक्ति, बालबालिका र युवाका साथै बारूदी सुरङ र अन्य विष्फोटक पदार्थको सुरक्षाका लागि प्रयोग गरिनेछ ।मानवीय सङ्कटको समयमा यौन तथा लैङ्गिक हिंसाको सामना गर्न र यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँचको लागि लगभग चार करोड क्रोनर छुट्याइएको छ।"अन्य चार करोड क्रोनर मानवीय प्रणालीमा व्यवस्थापकीय र विश्लेषणजस्ता प्रमुख साझा सेवाहरूमा विनियोजन गरिनेछ," नर्वेको सरकारले भनेको छ।

# 'सुनको सहर' म्यान्डले जहाँ अहिले शवको दुर्गन्ध फैलिएको छ

बीबीसी

काठमाण्डु । म्यान्मारको दोस्रो ठूलो सहर म्यान्डलेमा ठाउँठाउँमा सुन प्रयोग गरी बनाइएका पगोडा शैलीका बौद्ध मन्दिर र समाधिस्थल थिए। कुनै बेला उक्त सहर देशको राजधानी पनि थियो। अहिले त्यहाँ शवको दुर्गन्ध फैलिएको छ।गत साता म्याग्निट्यूड ७.७ को शक्तिशाली भूकम्पले निम्त्याएको विनाशका कारण ठूलो संख्यामा शवहरू थुप्रिएका छन्। एक स्थानीयवासीका अनुसार शवहरूको "खात बनाएर दाहसंस्कार" गर्नुपर्ने अवस्था उत्पन्न भएको छ।



म्यान्मारको सेनाका प्रमुखका अनुसार उक्त भूकम्प र त्यसका परकम्पका कारण मृत्यु हुने मानिसको संख्या २,७०० नाघेको छ भने ४,५०० जनाभन्दा बढी मानिस घाइते भएका छन्। सयौं मानिसहरू अझै हराइरहेका छन्। हताहत हुने मानिसको संख्या बढ्न सक्ने ठानिएको छ। ठूलो जनसंख्या भएको उक्त सहरका मानिसहरूका अनुसार भूकम्प गएदेखि नै उनीहरू राति सुत्न सकेका छैनन् र खाद्यान्न तथा खानेपानीको आपूर्ति घटेकाले तिनको खोजीमा सडकमा भौंतारिन बाध्य छन्। हामीलाई "शवमाथि शव थुपारेर दाहसंस्कार गरिएको" बताउने एक तेइस वर्षकी महिलाले आफ्ना आफन्त पनि गुमाएकी छन्।

"तर उनको शव भग्नावशेषबाट दुई दिनपछि मात्र बाहिर निकालियो," आफूलाई 'जे' मात्र भनेर चिनाउन चाहने ती छात्राले भनिन्। कमजोर भौतिक संरचना र आन्तरिक द्वन्द्वका कारण राहत कार्य नराम्ररी प्रभावित भएको छ। म्यान्मारको सेनाले पहिलादेखि नै प्राकृतिक प्रकोपबाट परेको दुष्प्रभाव कम देखाउँदै आएको छ। उद्धारकर्ताहरू भत्किएका अरू भवन र सम्पर्क भङ्ग भएका अन्य भेगमा पुगेपछि मृतकहरूको संख्या बढ्ने देखिन्छ।

म्यान्डलेको महाअङ्म्यी क्षेत्रमा बस्ने जे "अनिद्राका कारण रिँगटा" लागेको बताउँछिन्।जोगिएका घरहरूले परकम्प थेग्न नसक्ने डरमा धेरै मानिसहरू पालमा वा खुला आकाशमुनि सडकमै बसेका छन्।"म र धेरै मानिसहरू सडकमा टुक्रुक्क बसेर चिच्याउने गरेका छौं," जेले भनिन्। भत्किएका घरमा पुरिएका मानिसहरू जीवितै फेला पर्ने क्रम जारी छ। आपत्कालीन सेवा प्रदान गर्ने निकायले विगत चार दिनमा म्यान्डलेमा ४०० जनाभन्दा बढीको उद्धार गरेको छ भने २५९ वटा शव फेला पारेको छ।

मृतकहरूको वास्तविक संख्या सरकारी निकायले भनेको भन्दै निकै धेरै भएको ठानिएको छ।मङ्गलवार टेलिभिजनबाट प्रसारित सम्बोधनमा सेनाका प्रमुख मिन आङ ह्लाइङले मृतकको संख्या ३,००० नाघ्न सक्ने बताए।तर अमेरिकी भौगर्भिक सर्वेक्षण निकाय यूएसजीएसले भूकम्प गएको स्थान र भूकम्पको शक्तिका आधारमा "मृतकको संख्या १०,००० भन्दा बढी हुन सक्ने प्रबल सम्भावना" रहेको शुक्रवार बताएको थियो। यो विनाशका कारण बालबालिकाहरूमा निकै मानसिक आघात पुगेको छ।

एक स्थानीय पादरीका अनुसार छिमेकमा घरहरू भत्किएको देखेर उनका आठवर्षे छोरा अचानक रुने गरेका छन्। "भुइँचालो जाँदा छोरो सुत्ने कोठामा थियो अनि मेरी पत्नी सानी छोरीसँग थिइन्। छोरोमाथि केही भग्नावशेष खस्यो," आफूलाई रुआटे नामबाट मात्र चिनाउन चाहने ती व्यक्तिले भने। "हिजो हामीले हाम्रो छिमेकमा भत्केका भवनहरूबाट शवहरू बाहिर निकालेको देख्यौं," उनले भने। उनको परिवार दक्षिणी म्यान्डलेको प्यिजिटागोन क्षेत्रमा बस्दै आएको छ।

"परिस्थिति निकै गम्भीर छ। म्यान्मार धेरैवटा विनाशको प्रकोपमा परेको छ, तीमध्ये केही प्राकृतिक छन् भने केही मानिसका कारण भएका छन्। सबै मानिस वाक्क भइसके। हामी निराश र असहाय भएका छौं।" भूकम्पका कारण स्काई भिला नामक बाह्रतले आवासीय भवन भत्कियो। अहिले त्यसको छ तला मात्र बाँकी छ। उक्त भवननजिकै बस्ने एक बौद्ध भिक्षुका अनुसार भग्नावशेषमा केही मानिस जीवितै फेला परेका भए पनि विगत २४ घण्टामा केवल शव मात्र बाहिर निकालिएको बीबीसीलाई बताए। "त्यहाँ धेरै शवहरू बाँकी छन्, मलाई लाग्छ १०० वटाभन्दा बढी," उनले भने। म्यान्डलेनजिकै रहेका शवदाहगृहमा ठूलो चाप परेको छ। सरकारी निकायले शव पोको पार्ने ब्यागसहित विभिन्न सामग्रीको अभाव खेप्नुपरेको छ।

सडकहरूमा भत्किएका मन्दिरका अवशेष र सुनौला गजुरहरू यत्रतत्र छरिएका छन्। सुनको पाता उत्पादन र पर्यटनका लागि ख्याति कमाएको म्यान्डलेमा देशका अरू स्थानमा जस्तै केही वर्षयता गरिबी बढ्दै गएको देखिन्थ्यो। गत साता शुक्रवार आएको भूकम्पले थाईल्यान्ड र चीनमा पनि प्रभाव पर्‍यो। तर गृहयुद्ध र आर्थिक दुरवस्था र सैन्य शासनका कारण उत्पन्न अन्योलमा फसेको म्यान्मारमा भएको विनाश कहालीलाग्दो छ।भूकम्प जानुअघि नै म्यान्मारभित्र ३५ लाख मानिस विस्थापित भइसकेका थिए।बलपूर्वक सेनामा भर्ती गराउन थालिएकाले हजारौं युवाहरू विदेश पलायन भएका छन्। यो परिस्थितिमा म्यान्मारमा उद्धार र राहत तथा पुनर्निर्माणका लागि आवश्यक जनशक्ति कम हुने देखिन्छ।

म्यान्मारको सैन्य शासनलाई सघाउँदै आएका रुस र चीनले पनि अहिले सहायता सामग्री र विशेषज्ञहरू पठाएका छन्। तर जेका अनुसार राहतकार्यको गति सुस्त छ।"उद्धार टोलीहरू चार दिनदेखि निरन्तर काम गर्दै छन्। उनीहरू थाकेका पनि छन्। उनीहरूले केही आराम गर्नुपर्छ।"

"तर व्यापक क्षति भएकाले र हामीसँग साधनस्रोत सीमित भएकाले प्रभावकारी रूपमा सबै कुरा मिलाउन राहतकर्मीहरूलाई कठिन छ।" म्यान्मारको जुन्टा अर्थात् सैन्य शासनले सबै खालको सहायता स्वीकार गर्ने बताएको छ। तर भूकम्पबाट प्रभावित केही क्षेत्रमा पुग्न कठिन भएको केही सहायताकर्मीहरूले बताएका छन्। विनाशकारी भूकम्पको केन्द्रबिन्दु रहेको सगाइङस्थित स्थानीय सञ्चारमाध्यमका अनुसार सैन्य अधिकारीहरूले सहायता सङ्गठनहरूलाई उक्त क्षेत्रमा आउने स्वयंसेवकहरू र सामग्रीको सूची बुझाउन अनिवार्य बनाएका छन्।ह्यूमन राइट्स वाच र एम्नस्टी इन्टर्न्याशनलसहित विभिन्न मानवाधिकारवादी समूहहरूले सहायताकर्मीहरूलाई प्रभावित क्षेत्रमा निर्बाध जान दिन सैन्य शासनसँग आग्रह गरेका छन्।

"हजारौं मानिस हताहत हुने गरी भएको भयानक प्राकृतिक प्रकोपपछि पनि म्यान्मारको सैन्य शासनले मानिसहरूलाई तर्साउन छोडेको छैन," ह्यूमन राइट्स वाचका एशिया सहायक निर्देशक ब्रायोनी लाऊले भनिन्।"जुन्टाले आफ्नो डरलाग्दो विगतबाट माथि उठेर भूकम्पबाट प्रभावित क्षेत्रहरूमा जोखिममा परेका मानिसहरूलाई यथाशीघ्र मानवीय सहायता पुग्न दिने सुश्चित गर्नुपर्छ," उनले भनिन्। सेनाले भूकम्प प्रभावित केही क्षेत्रमा हवाई आक्रमण गरेका विवरणहरू आएका छन्।

# पाँच अर्ब ५८ करोड डलरको लडाकू विमान बिक्री गर्ने

एएफपी

वासिङ्टन । अमेरिकाले फिलिपिन्सलाई पाँच अर्ब ५८ करोड अमेरिकी डलर बराबरको एफ-१६ लडाकू विमान बिक्री गर्न स्वीकृति दिएको जनाएको छ ।अमेरिकी विदेश मन्त्रालयले २० वटा एफ-१६ जेट विमान र त्यससँग सम्बन्धित उपकरणहरु संयुक्त राज्य अमेरिकाको सन्धिमा बाँधिएको सहयोगी फिलिपिन्सलाई बिक्री गर्न लागेको जनाएको छ ।



अमेरिकी विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "यो बिक्रीले दक्षिणपूर्वी एसियामा राजनीतिक स्थिरता, शान्ति र आर्थिक प्रगतिका लागि महत्वपूर्ण शक्तिका रुपमा रहेको रणनीतिक साझेदारको सुरक्षामा सुधार ल्याउनेछ ।""यसले फिलिपिन्सको वायु सेनाको समुद्री डोमेन जागरूकता सञ्चालन गर्ने क्षमतालाई पनि बढावा दिनेछ र 'दुश्मनको हवाई आक्रमण र दमनको थप प्रतिरक्षा गर्नेछ," विज्ञप्तिमा भनिएको छ।दक्षिण चीन सागरमा फिलिपिन्स र चीनबीच महिनौंदेखि जारी टकरावपछि यो समाचार सार्वजनिक भएको हो, जसलाई बेइजिङले आफ्नो दाबीको कुनै आधार नभएको अन्तर्राष्ट्रिय फैसलाको बावजुद लगभग आफ्नो सम्पूर्णता दाबी गरेको छ।

अमेरिकी विदेश मन्त्रालयका एक प्रवक्ताले बुधबार भनेका छन्, "खरिद साझेदारबाट 'मागपत्र र स्वीकारोक्ति' प्राप्त भएपछि मात्र यो सम्झौतालाई अन्तिम रुप दिइनेछ ।"यस्तो निर्णयबारे आफूलाई कुनै आधिकारिक सूचना प्राप्त भएको छैन," फिलिपिन्सको रक्षा मन्त्रालयका प्रवक्ता आर्सेनियो एन्डोलोङले एएफपीसँग भन्नुभयो ।चीनले फिलिपिन्सले क्षेत्रीय शान्तिलाई 'चुनौति' दिइरहेको भन्दै मनिलालाई उक्त खरिद नगर्न चेतावनी दिएको थियो ।"फिलिपिन्सको अन्य देशसँगको रक्षा र सुरक्षा सहकार्यले कुनै पनि तेस्रो पक्षलाई लक्षित गर्नु हुँदैन वा तेस्रो पक्षको हितलाई हानि पुऱ्याउनु हुँदैन।

यसले क्षेत्रीय शान्ति र सुरक्षालाई खतरामा पार्नु हुँदैन वा क्षेत्रीय तना लाई बढावा दिनु हुँदैन," विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले भन्नुभयो । मनिला र वासिङ्टनले सन् २०२२ मा राष्ट्रपति फर्डिनान्ड मार्कोसले कार्यभार सम्हालेपछि र दक्षिण चीन सागरमा बेइजिङको व्यापक दाबीलाई पछाडि धकेल्न थालेपछि आफ्नो रक्षा सहयोगलाई अझ प्रगाढ बनाएका छन् ।

गत डिसेम्बरमा फिलिपिन्सले आफ्नो सामुद्रिक हितलाई सुरक्षित राख्न अमेरिकाको मध्यम दूरीको टाइफन क्षेप्यास्त्र प्रणाली अधिग्रहण गर्ने योजना बनाएको बताएपछि चीन आक्रोशित बनेको थियो ।बेइजिङले यस्तो खरीदले क्षेत्रीय 'हतियारको होडबाजी' निम्त्याउन सक्ने

> **बेइजिङले यस्तो खरीदले क्षेत्रीय "हतियारको होडबाजी" निम्त्याउन सक्ने चेतावनी दिएको छ ।**

चेतावनी दिएको छ ।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले बढ्दो चीनको सामना गर्न र विशेष गरी ताइवानमा तनाव बढ्दै जाँदा र युक्रेनमा रुसको आक्रमणका बावजुद युरोपमा संलग्नता कम गर्न अमेरिकी सैन्य प्रयासलाई एशियामा पुनः निर्देशित गर्ने प्रयास गरेको छ।

मङ्गलबार चिनियाँ जहाज र लडाकु विमानले ताइवानलाई सिमुलेटेड नाकावन्दीमा घेरिरहेका बेला फिलिपिन्सका सैन्य प्रमुख जनरल रोमियो ब्राओनरले स्वशासित टापुमा आक्रमण गरिएमा आफ्नो देश 'अनिवार्य रूपमा' संलग्न हुने बताउनुभएको थियो ।"ताइवानमाथि आक्रमण भएमा कारबाहीको योजना बनाउन थाल्नुहोस्," उहाँले उत्तरी लुजोन टापुमा रहेका सैनिक निर्देशन दिनुभयो । यदि ताइवानमा केही भयो भने अनिवार्य रूपमा हामी यसमा संलग्न हुनेछौं।उहाँले यस महिनाको संयुक्त सैन्य अभ्यासको अधिकांश भाग ताइवाननजिकै फिलिपिन्सको उत्तरी लुजोनमा हुने पनि बताउनुभयो ।

"यी ती क्षेत्रहरू हुन् जहाँ हामी आक्रमणको सम्भावना देख्छौं। म तयारीको घण्टी बजाउन चाहन्नँ, तर हामीले तयारी गर्नुपर्छ," उहाँले भन्नुभयो । ब्रुनरको टिप्पणीबारे सोधिएको प्रश्नमा बेइजिङको विदेश मन्त्रालयका प्रवक्ता गुओले भन्नुभयो, "ताइवानको समस्या समाधान चिनियाँ जनताको विषय हो ।""हामी फिलिपिन्सका केही व्यक्तिहरूलाई आगोसँग नखेल्न वा ताइवानको मुद्दामा उक्साहट नगर्न सल्लाह दिन्छौं, आगोसँग खेल्नेहरू जल्नेछन्," उहाँले भन्नुभयो ।

गत साता मनिलाको भ्रमणका क्रममा रक्षामन्त्री पिट हेगसेथले 'कम्युनिस्ट चिनियाँहरूको धम्की'लाई ध्यानमा राख्दै 'इन्डो-प्यासिफिक क्षेत्रमा पुनः प्रतिरोध स्थापना गर्ने' प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले फिलिपिन्ससँग अमेरिकी प्रतिरक्षा प्रतिबद्धता दोहोऱ्याउनुभएको थियो । यो ट्रम्प प्रशासनले युरोपका मित्रराष्ट्रहरूद्वारा संयुक्त राज्य अमेरिकाबाट 'फ्रिलोड' गर्ने बारम्बारको कुरा विपरीत हो।

# ट्रान्साटलान्टिक क्षेत्रको तनाव कम गर्न अमेरिकी विदेशमन्त्री युरोप प्रस्थान

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युरोपेलीमाथि कर वृद्धि गर्नुका साथै ग्रीनल्याण्डमाथि डेनमार्कको सार्वभौमिकतालाई चुनौती दिइरहेका बेला अमेरिकी विदेशमन्त्री मार्को रुबियोले बुधबार यूरोपमा नेटोको बैठकमा भाग लिनुहुनेभएको छ ।रुबियो ब्रसेल्समा नेटोका विदेशमन्त्रीहरूबीच दुई दिने वार्तामा सामेल हुनुहुनेछ । यो जुनमा हेगमा हुने नेताहरूको शिखर सम्मेलनको तयारी हो।

नयाँ अमेरिकी प्रशासनले युद्धको डर निम्त्याउँछ ।रुबियोले गत मार्चमा फक्स न्युज रेडियोलाई दिएको अन्तर्वार्तामा भन्नुभएको थियो, "राष्ट्रपतिले सही तरिकाले भन्नुभएको छ कि विश्व व्यापारको अवस्था अमेरिकाप्रति पूर्णतया अन्यायपूर्ण छ ।"

उहाँले भन्नुभयो, "मलाई थाहा छ यी सबै देशहरू किन दुखी छन्, किनकि उनीहरूले धेरै काम गरिरहेका छन् र उनीहरू यसलाई जारी राख्न चाहन्छन्। "ट्रम्पले अमेरिकाको ५१ औं राष्ट्रको रूपमा खिल्ली उडाएको क्यानडाबाहेक डेनमार्कजत्तिको आलोचना कोही पनि मित्र राष्ट्रमा



चाँडै नै आफूलाई वैचारिक रूपमा युरोपको अधिकांश भागसँग बाझिएको देखाएको छ। उपराष्ट्रपति जेडी भान्सले गत फेब्रुअरीमा जर्मनीलाई अति दक्षिणपन्थीलाई त्याग्न आग्रह गर्दै ट्रम्पको नीतिको प्रतिनिधित्व युरोपमा प्रवेश गराउनुभएको हो । रुबियो ट्रम्पले विश्वव्यापी आर्थिक व्यवस्थालाई पुनर्जीवित गर्ने र स्वतन्त्र व्यापारका लागि दशकौंदेखिको प्रयासलाई चकनाचुर पार्ने प्रयासको एक भागको रूपमा व्यापक अतिरिक्त करहरू लागू गर्न तयार भएको केही घण्टापछि युरोप आउन लाग्नुभएको हो ।

अतिरिक्त कर लगाउने अमेरिकी प्रशासनको अधिकांश युरोपेली मित्रराष्ट्रहरूले चाँडै र कडा प्रतिक्रिया दिने अपेक्षा गरिएको छ । यसले विभाजित पश्चिमी समूहका साथै विश्वव्यापी व्यापार परेको छैन ।ट्रम्पको आँखासंसाधन समृद्ध र रणनीतिक रूपमा महत्त्वपूर्ण मानिएको आर्कटिक क्षेत्र ग्रीनल्याण्डमा परेको छ ।

भान्सले गत हप्ता अमेरिकी अन्तरिक्ष आधारशिविरतर्फ उडान भर्ने क्रममा भन्नुभएको थियो, "डेनमार्कका लागि हाम्रो सन्देश निकै सरल छः तपाईंले ग्रीनल्याण्डका जनताको लागि राम्रो काम गर्नुभएको छैन ।"ब्रसेल्समा रुबियोलाई भेट्ने आशामा रहेका विदेशमन्त्री लार्स लोक्के रासमुसेनले डेनमार्कले भान्सको 'स्वरको कदर नगरेको' बताउनुभएको छ । भान्सको भ्रमणपछि रासमुसेनले भन्नुभयो, "तपाईं आफ्ना नजिकका सहयोगीहरूसँग यसरी कुरा गर्नुहुन्न तर म अझै पनि डेनमार्क र संयुक्त राज्य अमेरिकालाई घनिष्ठ सहयोगी मान्छु।"

# बजेट कटौतीपछि पनि २.५ अर्ब डलरको अभाव झेलिरहेको डब्लूएचओको भनाइ




एएफपी

जेनेभा । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले आफ्नो बजेट नाटकीय रूपमा कटौती गरे पनि अमेरिका सहयोग दिने निर्णयबाट पछि हट्ने भएपछि यो वर्षदेखि र सन् २०२७ सम्म बजेट अभावको सामना गर्नुपर्ने देखिएको बुधबार सार्वजनिक एक मिडिया रिपोर्टमा बुधबार जनाइएको छ ।

संयुक्त राष्ट्रसङ्घीय स्वास्थ्य निकायले आगामी जनवरीमा पूर्ण अमेरिकी सेना फिर्ता गर्ने तयारी गरिरहँदा उसले सन् २०२६/०२७ का लागि आफ्नो दुई वर्षे बजेट ५.३ अर्ब डलरबाट घटाएर ४.२० अर्ब डलरमा झारेको छ ।तर नाटकीय रुपमा रकम घट्दा पनि उक्त बजेटका लागि १ अर्ब ९० करोड अमेरिकी डलर कम रहेको विश्व स्वास्थ्य सङ्गठनको 'हेल्थ पोलिसी वाच'ले बुधबार जनाएको छ ।प्रकाशकले उक्त तथ्याङ्क मङ्गलबार टाउन हल बैठकको क्रममा कर्मचारीहरूलाई प्रदान गरिएको बताएको छ । निकायले यस वर्षको बजेटको लागि नपुगेको रकम लगभग ६० लाख डलरभन्दा माथि भएको जनाएको छ ।

आफ्नो ऐतिहासिक रूपमा सबैभन्दा ठूलो दाताको बहिर्गमनसँग जुधिरहेको डब्लूएचओले एएफपीको रिपोर्टमा टिप्पणीका लागि गरेको अनुरोधमा तत्काल कुनै प्रतिक्रिया दिएको छैन । जनवरीमा ह्वाइट हाउस फर्केपछि विश्व स्वास्थ्य सङ्गठनबाट अमेरिका बाहिरिने घोषणा गर्नुका साथै राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वव्यापी स्वास्थ्य परियोजनाहरूमा ठूलो सहयोगसहित लगभग सबै अमेरिकी विदेशी सहायता रोक्का गर्ने निर्णय गर्नुभएको थियो ।

संयुक्त राज्य अमेरिकाले डब्ल्यूएचओलाई सन् २०२२/०२३ को बजेट अवधिमा मुख्यतया निश्चित सदस्यता शुल्कको सट्टा विशिष्ट निर्धारित परियोजनाहरूको लागि स्वैच्छिक योगदानको माध्यमबाट १.३ अर्ब अमेरिकी डलर प्रदान गरेको थियो । वासिङ्टनले सन् २०२४ को बक्यौता अहिलेसम्म तिरेको छैन र सन् २०२५ का लागि आफ्नो सदस्यता दायित्वको सम्मान गर्ने अपेक्षा गरिएको छैन।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार सन् २०२४ देखि २०२५ सम्मका लागि मात्र अमेरिकाले २६ करोड अमेरिकी डलर सदस्यता शुल्क तिर्न बाँकी छ ।शुक्रबार मात्र डब्लुएचओका प्रमुख टेड्रोस अधानोम गेब्रेयेससले यस वर्षको बजेटमा ६० करोड अमेरिकी डलरको अभाव भएको जानकारी कर्मचारीलाई दिनुभएको थियो भने एएफपीले प्राप्त गरेको सन्देशमा एजेन्सीसँग कटौती सुरु गर्नुबाहेक 'कुनै विकल्प नभएको' उहाँले चेतावनी दिनुभएको थियो ।

टेड्रोसले आफ्नो इमेलमा भन्नुभएको छ, "संयुक्त राज्य अमेरिका र अन्य देशहरूले आधिकारिक विकास सहायतामा नाटकीय कटौती गर्दा विश्व स्वास्थ्य सङ्गठनलगायत देश, गैरसरकारी संस्था र संयुक्त राष्ट्रसङ्घका निकायहरूमा ठूलो व्यवधान उत्पन्न भएको छ ।उहाँले ट्रम्पले डब्लुएचओबाट बाहिरिने एक वर्षको प्रक्रिया सुरु गर्नुअघि नै सङ्गठनले आर्थिक अभावको सामना गरिरहेको बताउनुभयो ।

# नेपाल र थाइल्याण्डबीच पर्यटन र संस्कृतिसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर

थाइल्याण्ड । नेपाल र थाइल्याण्डबीच पर्यटन र संस्कृतिसँग सम्बन्धित दुई समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

थाइल्याण्डको औपचारिक भ्रमणमा रहनुभएका प्रधानमन्त्री केपी शर्मा ओली र थाइल्याण्डका प्रधानमन्त्री पे थिङ् शिनावात्को उपस्थितिमा बुधबार ती समझदारीपत्रमा हस्ताक्षर भएका हुन् ।

नेपालको तर्फबाट परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले ती समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको थियो । यसैगरी थाइल्याण्डका तर्फबाट संस्कृतिसम्बन्धी समझदारीपत्रमा संस्कृतिमन्त्री सुदावान वाङसुफाकिजकोसोल र पर्यटन सहयोगसम्बन्धी सम्झौतापत्रमा पर्यटन तथा खेलकुदमन्त्री सोरावाङ तिनथोङले हस्ताक्षर गर्नुभएको हो ।

त्यस्तै नेपाल उद्योग वाणिज्य महासङ्घ र थाइल्याण्डको व्यापार बोर्डबीच पनि सम्झौता भएको छ । महासङ्घ र थाईल्याण्डको थाई चेम्बर अफ कमर्स एण्ड बोर्ड अफ ट्रेडबीच आपसी सहकार्य तथा व्यापार व्यवसाय अभिवृद्धिका विषयमा समझदारी भएको हो । दुवै देशका प्रधानमन्त्रीहरुको उपस्थितिमा आज बैङ्कमा भएको समझदारीपत्रमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल र थाई चेम्बर अफ कमर्श एण्ड बोर्ड अफ ट्रेडका अध्यक्ष सानन अङ्गुबोल्कुलले हस्ताक्षर गर्नुभयो ।

यस समझदारीले नेपाल र थाइल्याण्डबीच व्यापारिक सम्बन्धलाई सुदृढ गर्ने, आर्थिक सहकार्यलाई प्रवर्द्धन गर्ने तथा व्यापार र लगानी विस्तारका लागि संरचित रूपरेखा तयार गर्ने लक्ष्य राखेको छ। साथै दुई देशबीचको व्यापारिक सहकार्यलाई थप मजबुत बनाउने र आर्थिक सहकार्यलाई विस्तार गर्न महत्वपूर्ण योगदान गर्ने विश्वास गरिएको छ । त्यस्तै नेपाल उद्योग परिसङ्घ र थाइ उद्योग महासङ्घ, नेपाल चेम्बर अफ कमर्स र थाइल्याण्डको पर्यटन परिषद्बीच हस्ताक्षर भएको छ । काठमाडौं विश्वविद्यालय र सियाम विश्वविद्यालयबीच पनि सम्झौता भएको छ ।

थाइल्याण्ड सरकारको औपचारिक भ्रमण तथा छैटौं 'बिम्स्टेक' सम्मेलनमा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री ओली यही चैत १९ गते यहाँ आउनुभएको हो।



### नेपाल नेत्रज्योति संघ र महिडोल युनिभर्सिटीबीच समझदारी

आँखा उपचार सेवाको विकास र विस्तारका लागि नेपाल नेत्रज्योति सङ्घ र थाइल्याण्डको महिडोल युनिभर्सिटीका बीचमा आपसी सहकार्य सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

थाइल्याण्डको औपचारिक भ्रमणमा रहनुभएका प्रधानमन्त्री केपी शर्मा ओली र थाइल्याण्डका प्रधानमन्त्री पे थिङ् शिनावात्को समुपस्थितिमा आज ती दुई संस्थाहरुबीच बैंककमा आपसी सहकार्य गर्नेसम्बन्धी समझदारी भएको यहाँस्थित नेपाल नेत्रज्योति सङ्घले जनाएको छ ।

आँखा उपचार सेवाको विकास र विस्तारका लागि ज्ञान, विशेषज्ञता र प्रविधिहरू आदान-प्रदानका लागि दुई संस्थाहरुका बीचमा समझदारी भएको जनाइएको छ । उक्त सम्झौतापत्रमा नेपाल नेत्रज्योति सङ्घका अध्यक्ष प्राडा चेतराज पन्त र महिडोल युनिभर्सिटीका चिकित्सा सङ्काय, रामाथिबोडी अस्पतालका डिन प्राध्यापक आर्टिट उङ्कानन्तले हस्ताक्षर गर्नुभएको छ ।

उक्त सम्झौताअनुसार अब दुई संस्थाले थाइल्याण्ड, नेपाल तथा अन्य देशहरूमा आँखा परीक्षणलगायतका आँखा हेरचाहसम्बन्धी कार्यक्रमहरू संयुक्त रूपमा सञ्चालन गर्नेछन् । नेपाल नेत्रज्योति सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रका अनुसार नेपाल र थाइल्याण्डका नेत्र विशेषज्ञ तथा अन्य आँखा सेवामा संलग्न विज्ञहरूको अनुभव तथा क्षमता अभिवृद्धि गर्न संयुक्त रूपमा काम गर्नेछन् भने 'इन्टर्नशिप' तथा छात्रवृत्तिहरूको समेत आदानप्रदान हुनेछ ।

महिडोल विश्वविद्यालय थाइल्याण्डको सबैभन्दा पुरानो र प्रतिष्ठित चिकित्सा संस्था मानिन्छ । सन् १८८८ मा तत्कालीन राजा चुलालोङ्कोर्न (राम पञ्चम) द्वारा स्थापना गरिएको चिकित्सा अनुसन्धान र शिक्षामा उत्कृष्टता हासिल गरेको सो विश्वविद्यालयले स्वास्थ्य सेवाको प्रवर्द्धनमा विश्वव्यापी रूपमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको जनाइएको छ ।

सन् १९७८ मा स्थापना भएको नेपाल नेत्रज्योति सङ्घ नेपालकै अग्रणी गैरसरकारी संस्था रहेको छ । यसले सुलभ र गुणस्तरीय आँखा उपचार सेवा प्रदान गर्दै आएको छ । २८ आँखा अस्पताल, २२४ आँखा उपचार केन्द्र, र ४५ जिल्ला शाखामार्फत सङ्घले वार्षिक ३० लाखभन्दा बढी व्यक्तिलाई सेवा दिँदै आएको छ भने तीन लाखभन्दा बढी आँखाको शल्यक्रिया गर्दै आएको छ ।

दुई संस्थाका बीचमा भएको यो समझदारीले नेपाल-थाइल्याण्ड सहकार्यमा नयाँ अध्यायको सुरुआत गरेको बताइएको छ । यसले उच्च गुणस्तरको आँखा उपचार सेवा प्रदान गर्ने र यस क्षेत्रभरि रोकथाम गर्न सकिने अन्धोपन कम गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास सङ्घले लिएको छ । रासस

# दुई लाख बिरुवा उत्पादन गर्दै डिभिजन वन कार्यालय

चितवन । डिभिजन वन कार्यालयले चालु आर्थिक वर्षका लागि एक लाख ९३ हजार ४१० बिरुवा हुर्काएको छ । कार्यालय परिसरमा रहेको नर्सरीमा ती बिरुवा उत्पादन गरेर हुर्काइएको हो ।

कार्यालयका सूचना अधिकारी देवीप्रसाद पौडेलका अनुसार जिल्ला वन पैदावार आपूर्ति समिति र डिभिजन वन कार्यालयबाट ती बिरुवा हुर्काइएको हो । त्यसमा जडीबुटी बिरुवा, डाले घाँस, फलफूल तथा बहुउपयोगी बिरुवा, बहुवर्षीय बिरुवा रहेका छन् ।

आपूर्ति समितिबाट एक लाख २० हजार, डिभिजन वन कार्यालयका तर्फबाट ७३ हजार ४१० बिरुवा उत्पादन गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार डिभिजन वन कार्यालयमार्फत ३० हजार बिरुवा जडीबुटीका, १५ हजार बिरुवा डालेघाँस, फलफूल तथा बहुउपयोगी र २८ हजार ४१० बिरुवा बहुवर्षीय उत्पादन गरी हुर्काइएको छ । आपूर्ति समितिबाट उत्पादित बिरुवाका जात छुट्याउने काम भइरहेको छ । यहाँबाट डालेघाँस, ठूला रुखजन्य बिरुवा र बहुउपयोगी बिरुवा उत्पादन हुँदै आएको छ । बहुवर्षीय बिरुवा सडक क्षेत्रमा लगाउन उपयोगी हुने गर्दछ । सडकलाई हराभरा र सौन्दर्य राख्नका लागि यी बिरुवा प्रयोग हुने गरेको छ । उहाँले भन्नुभयो, "बहुर्षीय बिरुवाले वृक्षरोपणलाई सफल बनाउन सहयोग पुग्छ ।"

अघिल्ला वर्षका बिरुवा कम भएकाले यस वर्ष धेरै बिरुवा उत्पादन गर्न लागिएको पौडेलले बताउनुभयो । गत वर्ष कार्यालयले ९२ हजार बिरुवा मात्र उत्पादन गरेको थियो । समितिबाट ८० हजार र डिभिजन वन कार्यालयलबाट १२ हजार बिरुवा उत्पादन गरिएको थियो । उहाँले भन्नुभयो, "असार १५ गतेदेखि वितरण गर्ने गरी बिरुवा उत्पादनको काम भइरहेको छ ।"कार्यालयले अहिले २० भन्दा बढी प्रजातिका बिरुवा उत्पादन गरिरहेको छ । त्यसमा हर्रो, बर्रो, अमला, निम, जामुन, श्रीखण्ड, बेल, तेजपत्ता, चाप, निबुवा, अम्बा, वडहर, टाँकी, कोइरालालगायतका बिरुवा रहेको पौडेलले बताउनुभयो ।रासस

# झापाको चार पालिकामा 'माछा जोन कार्यक्रम'

झापा । धान, सुपारी, रबर, मकैपछि झापामा माछा र तरकारी जोन कार्यक्रम सञ्चालनमा आएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत जिल्लाको चार पालिकामा 'माछा जोन कार्यक्रम' थपिएको हो ।

चालु आर्थिक बर्ष २०८१/८२ बाट शिवसताक्षी, गौरादह, कमल र गौरीगञ्ज पालिकाको सबै वडामा 'माछा जोन कार्यक्रम' सञ्चालन भइरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका सूचना अधिकारी रविन निरौलाले बताउनुभयो । समान किसिमको बालीको उत्पादन हुने ५०० हेक्टर क्षेत्रफललाई समेटेर सरकारले जोन घोषणा गर्दै विभिन्न सहुलियत र सहयोग कार्यक्रम सञ्चालन गर्दै आएको छ ।चार पालिकाका ४९ कृषि फार्म र चार कृषक समूहका ११६ महिलासहित २२० कृषक माछा जोन कार्यक्रममा सूचीकृत रहेको निरौलाले जानकारी दिनुभयो । गौरीगञ्ज-३ स्थित गोदावरी कृषक समूह र शिवसताक्षी-२ को नमूना कृषक समूहमा सबैभन्दा बढी २५/२५ जना कृषक माछा जोन कार्यक्रममा आबद्ध रहेका छन् ।

माछा जोनतर्फ मत्स्य प्रवर्द्धन, माछाको उन्नत प्रविधि प्रवर्द्धन, एकीकृत माछापालन, ह्याचरी निर्माण, पोखरी निर्माण तथा सिँचाइ, पोखरी मर्मतलगायतका क्षेत्रमा परियोजनाले काम गरिरहेको छ । चालु आवमा सरकारले माछा जोनका लागि झापामा रु एक करोड ७८ लाख बजेट विनियोजन गरेको छ । यसैगरी, मेचीनगर नगरपालिकाको वडा नं १, २, ३, ८ र ९, बुद्धशान्ति गाउँपालिकाको वडा नं ५, ६ र ७ र अर्जुनधारा नगरपालिकाको वडा नं ८ र ९ को पाँच सय हेक्टरमा 'तरकारी जोन कार्यक्रम' लागू गरिएको छ । माछा र तरकारी उत्पादनको क्षेत्र विस्तार गरी उत्पादनलाई उद्योगसँग जोड्ने र किसानलाई व्यावसायिकरण गर्ने उद्देश्यले यी दुई जोन कार्यक्रम थप गरिएको उहाँले बताउनुभयो ।

'तरकारी जोन कार्यक्रम'का लागि रु एक करोड चार लाख बजेट विनियोजन भएको छ । व्यावसायिक तरकारी खेती विस्तार, बेमौसमी तरकारीखेती, तरकारी प्रशोधन केन्द्र, साना मेसिनरी औजार उपकरण, कम्पोस्ट मल उत्पादन, थोपा सिँचाइलगायतमा कृषकलाई ५० प्रतिशत अनुदान प्रदान गरिँदै आएको उहाँले बताउनुभयो । उहाँले कृषि फार्म, सहकारी र समूहमार्फत जोन क्षेत्रमा काम भइरहेको बताउनुभयो । कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यावसायिक दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने उद्देश्यका साथ झापामा आर्थिक वर्ष २०७३/७४ मा धान सुपरजोन परियोजना सुरु गरिएको थियो ।रासस


## मालपोत कार्यालय मौलापुर, रौतहट

### छुट जग्गा दर्ता सम्बन्धी हकदावीको ३५ दिने सार्वजनिक सुचना

रौतहट साविक गाविस पिपरिया वार्ड नं.६ हाल परिवर्तित बौधीमाई नपा. ५मा बस्ने विलास राय यादव र फेकन राय यादवले जग्गाधनि धरखन राय यादवको नाममा सर्वे नाप नक्सा भएको जि.रौ.गाविस पिपरिया वडा नं.४ कि.नं. ३३६को ०-२-१२, वार्ड नं.५ कि.नं ३४७ को ०-२-० र कि.नं३८८को ०-१२-० मध्ये बिचबाट ०-४-० अप्रमाणित जग्गा प्रमाणित गरी आफनो नाममा दा.खा.को लागि द.नं.१७९३ मिति २०८१/०७/२८ गतेको माग निवेदन ।

माग जग्गाको मोठ भिडान हुँदा गाविस पिपरिया वडा नं.४ कि.नं.३३६को ०-२-१२,वार्ड नं.५ कि.नं.३४७ को ०-२-० र कि.नं.३८८को ०-१२-० को जग्गाको मोठ श्रेस्तामा जग्गाधनीको नाम धरखन राय यादव मात्र उल्लेख रही यसमा दा.खा.मि.नं.३०४ मिति २०७१/१०/२६मा मिसिल भिडेको उल्लेख रही यी जग्गाहरु अप्रमाणित रहेको तथा कि.नं३८८को ०-१२-० मध्ये बिचबाट ०-४-० बाहेक रौ.जि.अ.बाट रोक्का रही धरखन राय यादवको नाममा मोठ कायम रोक्का देखिदैन भने व्यहोरा उल्लेख भई आएको देखिन्छ ।

बौधीमाई नपा. ५ को च.नं.२८३ मिति २०८१/०८/०४ गतेको पत्रले जिल्ला रौतहट साविक गाविस पिपरिया(प) वार्ड नं.६ हाल परिवर्तित बौधीमाई नपा.५मा बस्ने धरखन राय यादवको चार छोराहरु जेठो प्रसाद राय यादव,माहिला नागेश्वर राय,साहिला मलुका राय यादव र कान्छा रामलोचन राय यादव रहेकोमा जि.रौ.गाविस पिपरिया वडा नं.४ कि.नं.३३६को ०-२-१२, वार्ड नं.५ कि.नं.३४७ को ०-२-० र कि.नं.३८८को ०-१२-० समेतको जग्गा धरखन राय यादवको नाममा सर्वे नाप नक्सा भई श्रेस्तामा अप्रमाणित दा.खा.बाँकी उल्लेख भएको धरखन राय यादवको मृत्यु पश्चात प्रसाद राय यादव, नागेश्वर राय, मलुका राय यादव र रामलोचन राय यादव बिच २०४६ सालको अंश दर्ता मुद्दा भई उपरोक्त लेखिएको जग्गाहरुमध्ये ०-१२-० मध्ये बिचबाट ०-४-०, ०-२-१२ र ०-२-० को जग्गा प्रसाद राय यादवको अंश भागमा परी प्रसाद राय यादव र निजको श्रीमति फुलझरिया देवीको मृत्यु पश्चात शेषपछि हक खाने व्यहोर्ने २ छोरा जेठा विलास राय यादव र कान्छा फेकन राय यादव रहेकोमा बाबु प्रसाद राय यादवको अंश भागमा परेको जग्गामा दुवै दाजु भाईबिच अंश मुद्दा परी मिति २०८०/०१/१२ गतेको मिलापत्र बमोजिम माथि उल्लेखित अप्रमाणित जग्गाहरु प्रमाणित गरी विलास राय यादव र फेकन राय यादवको नाममा दा.खा. गरिदिनको लागि सिफारिस भई आएकोमा उल्लेखित जग्गामा कोही कसैको हकदावी पुग्ने भएमा प्रमाण सहित म्यादभित्र यस कार्यालयमा निवेदन दिन आउनुभनी जग्गा प्रशासन कायर्यबिधि २०६२ को भाग ३ परिच्छेद१ को दफा १.९.१ङ बमेजिम यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाषित भएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र आफनो हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा मांग दाबी बमोजिम दा.खा.नामसारी.भै जाने व्यहोरा यसै सुचनाद्वरा जानकारी गराईन्छ ।



## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### अप्रमाणित जग्गा प्रमाणित गरी नामसारी सम्बन्धी हकदाबीबारे ३५ दिने सार्वजनिक सूचना

रौतहट साविक गाविस नरकटिया वार्ड न ९ हाल परोहा नपा-८ मा बस्ने नकल राउतको नाती जोलम राउतको छोरा लालबाबु राउत १,ऐ.ऐ.बस्ने कमलेश राउत कुर्मी १,ऐ.ऐ.बस्ने जोलुम राउतको छोराबुहारी दिनानाथ राउतको छोरी रामबाबु राउतको पत्नी फुलकन्चन देवी,ऐ.ऐ.बस्ने नक्कल राउत कुर्मीको छोराबुहारी जंगी राउत कुर्मीको पत्नी सुगीया देवी कुर्मी, ऐ.ऐ.बस्ने नक्कल राउत कुर्मीको नाती जोलुम राउत कुर्मीको छोरा नन्दकिशोर राउत कुर्मीले आफ्नो बुवा/ससुरा/देवर र पति/भतिजो/बुहारी नाता पर्ने जुलम राउत कुर्मी र जंगी राउत कुर्मीको संयुक्त नाउँमा दर्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गाको अप्रमाणित जग्गा प्रमाणित गरी नामसारी गरी पाउँ भनी द.नं.१२०६७ मिती-२०८०/११/२९को माँग निवेदन भइ आएकोमा सोको मोठ भिडान हुदाँ जुलम राउत कुर्मी र जंगी राउतत कुर्मीको संयुक्त नाउँमा नाउँमा मोठ कायम रही रोका नदेखिएको वतनमा वार्ड नं.९ मात्र उल्लेख रहेको साथै यो जग्गा अप्रमाणित छ भनी मोठ फाटँबाट लेखिआएको र निवेदक सुगिया देवीको नागरिकता प्रमाण प्रत्रमा पतिको नाम जंगित राउत कुर्मी र सुगियाको मोही लगतमा सियवा नाम उल्लेख रहेको तिनपुस्ते नरहेको, साथै फिल्डबुकको कैफियतमा यो जग्गा मरिसकेको बाबु नकल कुर्मिको नाउँको नम्बरी हो । मैले जोती आएको छु। परोहा ना.पा.-८ को चलानी नं.५२९ मिति २०८०/११/१५ र परोहा न.पा.-८ को चलानी नं.४४० मिती २०८१/११/२० गतेको अप्रमाणित जग्गा प्रमाणित गरी नामसारी गरिदिने भने सिफारिस समेतले यस कार्यालयको मिति २०८१/१२/१४ को आदेशा बमोजिम हकदावी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, असर पर्ने भए वा अप्रमाणित जग्गा प्रमाणित भई नामसारी हुनु नपने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम नामसारी भै जाने छ ।

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षे.फ. | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | नरकटिया | १ग | २४८ | ०-९-१० | जुलुम राउत कुर्मी र जंगी राउत कुर्मी वार्ड न.९ दा.खा. बाकी |



## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### छुट जग्गा सम्बन्धी हकदाबीबारे ३५ दिने सार्वजनिक सूचना

रौतहट साविक गाविस जेठरहिया वार्ड न.५ हाल यमुनामाई गा.पा.-१ मा बस्ने सिवन्न ठाकुर लोहारको नाती बद्री ठाकुर लोहारको छोरा जोगिन्द्र ठाकुर लोहारले आफ्नो बुवा नाता पर्ने बद्री ठाकुर लोहारको नाउँमा दर्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गाको अप्रमाणित जग्गा प्रमाणित नामसारी गरी पाउँ भनी द.नं.११७७९ मिती २०८१/१२/०७ को मा'ग भई आएकोमा मोठ भिडान हुदाँ मोठ कायम रही रोका नदेखिएको जेठरहिया वार्ड नं.५ मात्र उल्लेख मात्र रहेको साथै यमुनामाई गा.पा.-१को चलानी नं.१०५५ मिति २०८१/११/२६ को अप्रमाणित जग्गा प्रमाणित गरी माग बमोजिम नामसारी गरिदिने भनि सिफारिस भई आएको साथै यस कार्यालयको मिती २०८१/१२/१५ को आदेशा बमोजिम गरी अप्रमाणित जग्गा प्रमाणित लागि हकदाबीको लागि यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । निजको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अन्सियार भए, असर पर्ने भए वा अप्रमाणित जग्गा प्रमाणित गरी नामसारी हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रितपूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम एकलौटी दा.खा.नामसारी भै जाने छ ।

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षे.फ. | दर्ता बाला |
|---|---|---|---|---|---|
| रौतहट | जेठरहिया | ४ | १९२ | ०-४-५ | बद्री ठाकुर लोहार जेठरहिया ५ अप्रमाणित दा.खा. बाकी |



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रपुर, रौतहटको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८१/१२/२१ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/१०/०८ को मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा २०७२ साल मंसिर महिना ०२ गते रोज ४ मा दर्ता नं. १४१७५७/०७२/०७३ तथा आन्तरिक राजश्व कार्यालय, सिमरा र करदाता सेवा कार्यालय, गौरमा मिति २०७४/०२/०७ मा स्थायी लेखा नम्बर (PAN) ६०३५५८०१४ अन्तर्गत दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १ स्थित रजिष्टर्ड ठेगाना भएको **साकार पोल्ट्री प्रा.लि.** ।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. मेघनाथ फुयालको नाति, खिल प्रसाद फुयालको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, साबिक सल्धारा गा.वि.स./उ.म.न.पा वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ६ बस्ने **मिन कुमार फुयाल** (ना.प्र.नं. ११५३५१, जारी मिति २०५९/११/०५, जि.प्र.का. काभ्रेपलान्चोक) ।

२. खिल प्रसाद फुयालको बुहारी, मिन कुमार फुयालको पत्नी, रौतहट जिल्ला, साबिक चपुर गा.वि.स./उ.म.न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ६ बस्ने **शारदा कुमारी तिमल्सीना (फुयाल)** (ना.प्र.नं. ३२२०८२/१३७४, जारी मिति २०६५/११/०९, जि.प्र.का. रौतहट) ।

३. खिल प्रसाद फुयालको नाति, मिन कुमार फुयालको छोरा, रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ६ बस्ने **सौरभ फुयाल** (ना.प्र.नं. ३२-०२-७९-००७९०, जारी मिति २०७९/०३/०८, जि.प्र.का. रौतहट) ।

**धितोको विवरण**

१. शारदा कुमारी तिमल्सीना (फुयाल) (ना.प्र.नं. ३२२०८२/१३७४, जारी मिति २०६५/११/०९, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला साविक चपुर न.पा./ गा.वि.स. वडा नं. १ हाल रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. ४ स्थित कि.नं. १८५६ र १८५८ को क्षेत्रफल क्रमश: ०-०-६.२५-० र ०-०-३.७५-० (विघा) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. शारदा कुमारी तिमल्सीना (फुयाल) (ना.प्र.नं. ३२२०८२/१३७४, जारी मिति २०६५/११/०९, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला साविक चपुर न.पा./ गा.वि.स. वडा नं. २ हाल रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. ६ स्थित कि.नं. १५२३ को क्षेत्रफल ०-०-१०-० (विघा) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३. शारदा कुमारी तिमल्सीना (फुयाल) (ना.प्र.नं. ३२२०८२/१३७४, जारी मिति २०६५/११/०९, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला साविक चपुर न.पा./ गा.वि.स. वडा नं. ९ हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ६ स्थित कि.नं. १५३४ र १५३५ को क्षेत्रफल क्रमश: ०-४-९-० र ०-४-९-० (विघा) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

४. मिन कुमार फुयाल (ना.प्र.नं. ११५३५१, जारी मिति २०५९/११/०५, जि.प्र.का. काभ्रेपलान्चोक) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक डुमरिया मटियौन न.पा./ गा.वि.स. वडा नं. ७ हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ९ स्थित कि.नं. ८७८ को क्षेत्रफल ०-१-१२.५-० विघा) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

५. साकार पोल्ट्री प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०१/०४ गते १४:०० बजे भित्र यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बुझाई सक्नु पर्नेछ ।

३. प्राप्त बोलपत्रहरु मिति २०८२/०१/०५ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुर्‍याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : चन्द्रपुर, रौतहट
फोन नं. ०५५-५४०६३०
Website : www.siddharthabank.com

# लोकतन्त्रको विकल्प निरंकुश राजतन्त्र हुनै सक्दैन : माधव नेपाल



**टुडे समाचारदाता**

राजविराज। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले वंशवादको शासन जनातालाई अस्वीकार्य रहेको बताएका छन् ।

राजविराजमा बुधबार नेकपा एकीकृत समाजवादी सप्तरीको १०औं जिल्ला अधिवेशनको उद्घाटन क्रममा पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले जनताकै आन्दोलनले हटाएको राजतन्त्र मुलुकमा पुनर्स्थापना सम्भव नहुने बताए ।

पूर्वराजालाई राजनीति गर्ने मन भए मौजुदा व्यवस्था अनुसार पार्टी खोलेर निर्वाचनमा भाग लिइ बहुमत ल्याएर आफ्नो नीति तथा कार्यक्रम लागु गर्न सक्ने बाटो खुल्ला रहेको सुझाए । उनले वंशवादको विगत तर्फ फर्किन सम्भव नरहेको जिकिरसमेत गरे ।

शाहवंशीय राजतन्त्रकै क्रममा मुलुकमा जहानियाँ राणाहरुले पनि शासन गरेको भन्दै अध्यक्ष नेपालले वंशवादको शासनको नाउँमा के फेरी जंगबहादुरलाई ल्याउने भन्दै प्रश्न पनि गरे ।

नेपालमा वंशका आधारमा निरंकुश शासन गर्ने प्रणाली सदाका लागि अन्त्य भएको बताउँदै उनले राजतन्त्रकालमा भएको दमनको भुक्तभोगी आफू समेत भएको र दमनको जम्मै कुरा नेपाली जनतालाई पनि अझै स्मरण नै रहेको बताए । आफू समेत पुर्वराजा ज्ञानेन्द्रबाट दुःख पाएको भन्दै उनले मोवाइल खोसी, सम्पर्क विहीन बनाइ घरमा नजरबन्द राखेको अनुभव सुनाए।

उनले पछिल्लो समय काठमाण्डुमा भएको राजावादी आन्दोलनलाई अराजक गतिविधको संज्ञा दिँदै अराजक समूहले आफूहरुको पार्टी कार्यालयमा तोडफोडका साथै सम्पति लुटपाट गरेको आरोप लगाए ।

नेकपा एकिकृत समाजवादीका जिल्ला अध्यक्ष प्रतापनारायण चौधरीको अध्यक्षतामा भएको उद्घाटन समारोहमा केन्द्रीय उपाध्यक्ष धर्मनाथ साह, प्रदेश सांसद एवं पुर्व मन्त्री गोविन्द न्यौपाने, मधेश प्रदेश अध्यक्ष एवं पोलिट व्युरो सदस्य रामचन्द्र यादव, प्रदेश सचिव एवं पोलिट व्युरो सदस्य सुधिर साह, महिला नेतृ एवं पोलिट व्युरो सदस्य उषा पोखरेल, पार्टीका प्रचारप्रसार विभागका केन्द्रिय खतिवडा, नेपाल रेल्वेका महाप्रबन्धक निरञ्जन झालगायतका थिए ।

# आज चैती छठ, उत्साहका साथ मनाइँदै

**छठ पर्व वर्षमा दुई पटक कार्तिक र चैत महिनामा छठ पर्व मनाउँदै आइरहेको तथा छठ पर्व गर्नाले घरमा सुख शान्ति तथा चर्मरोग निको हुने धार्मिक विश्वास रहेको छ ।**



**टुडे समाचारदाता**

जनकपुरधाम । श्रद्धा, भक्ति एवं धार्मिक सहिष्णुताको रूपमा रहेको चैती छठ पर्व रौतहट जिल्लामा अत्यन्त उत्साह र महत्वका साथ मनाइँदै छ। विगतभन्दा अहिले चैती छठ पर्व गर्ने ब्रतालुको संख्या वृद्धिसँगै कार्तिक महिनामा मनाइने छठ पर्व जस्तै चैती छठ पनि अत्यन्त उत्साह र महत्वका साथ मनाइँदै छ।

शुद्धता र आपसी सद्भावको रूपमा चैती छठ पर्व मनाउनका लागि व्रतालु तैयारीमा जुटेका छन्। छठ पर्वका पहिलो दिन मंगलबार ब्रतालुहरू नहाइखाइ चोखो खाना खाइ बुधबार दोस्रो दिन बेलुका सख्खर हालेको खिर, पुरी, केरालगायतका प्रसाद चढाएर पूजा गरी त्यही प्रसाद खाएर उपवास बस्ने र बिहीबार अस्ताउँदो सुर्यलाइ र शुक्रबार उदाउँदो सूर्यलाइ अर्घ दिएपछि चैती छठ पर्व सम्पन्न हुने व्रतालु सीता देवीले बताइन् ।

छठ पर्वको प्रसादका रूपमा केरा, सुन्तला, नरिवल, अदुवा, गहुँको पिठोले बनाइएको ठेकुवा, उखुलगायतका प्रसाद बासले बनेको छिटा, दौरा, सुप तथा माटोले बनेको हात्ती, ढकना, दियो र कलस लगायत पूजा सामग्रीको प्रयोग गरिन्छ, जसलाई शुद्धताको प्रतिकको रूपमा लिने गरिएको ब्रतालु राधिका देवीले बताइन् ।

छठ पर्व वर्षमा दुई पटक कार्तिक र चैत महिनामा छठ पर्व मनाउँदै आइरहेको तथा छठ पर्व गर्नाले घरमा सुख शान्ति तथा चर्मरोग निको हुने धार्मिक विश्वास रहेको छ।

खर्नाका दिन मिथिलानी व्रतालुहरु दिनभरि निर्जल एवम् निराहार उपबास बसेर साँझपख घर घरमा खीर, पूरी, लरु (लड्डु), केरा, तुलसीको पातको प्रसाद तयार गरी कूल देवताको पूजा गरेर सूर्य भगवान् र छठी मातालाई चैती छठ पर्वको निमन्त्रण दिनुका साथै प्रसाद (नेउज) चढाउने चलन रहेको जलेश्वर- ८ की व्रतालु महिला सुमिन्त्रा देवीले बताइन् ।

यस दिनमा व्रतालु महिला खरना पर्व मनाइसकेपछि राति आफूले भने अरवा अरबाइन (विना नुन हालेको) खानेकुरा मात्रै खाने गर्दछन् । जसमा खीर, पुरी, केरालगायत वस्तुहरु समावेश हुन्छ ।

चार दिनसम्म विभिन्न विधिहरु गर्दै मनाइने चैती छठ पर्व मिथिलाञ्चलको महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ, सर्लाही, रौतहट, बारा, पर्सालगायत भारततर्फको मिथिला क्षेत्रमा पनि धुमधामका साथ मनाइने गरिन्छ।

बिहीबार षष्ठीका दिन व्रतीहरुले सन्ध्याकालीन अर्घका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दुर लगाएर अक्षेता फूल हालेर अन्य अर्घ सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्घ अर्पण गर्नेछन् ।

त्यस्तै सप्तमीका दिन शुक्रबार बिहान पुनः छठघाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोहोऱ्याई उदाउँदो सूर्यलाई अर्घ दिई चैती छठ पर्व सम्पन्न गर्ने चलन रहेको छ।

# सामग्रीसहित एक ट्रक पक्राउ



**टुडे समाचारदाता**

बारा। बारा प्रहरीले भन्सार छलीको आशंकामा साढे ३५ लाख भन्दा बढी मूल्यका सामानसहित ट्रक पक्राउ गरेको जनाएको छ।

बारा प्रहरीले जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १ पथलैया चोकबाट सामानसहितको ट्रक पक्राउ गरेको छ।

विशेष सुचनाको आधारमा विराटनगरबाट काठमाण्डुतर्फ जाँदै गरेको ना ७ ख २४२१ नम्बरको ट्रक रोकेर जाँच गरेको थियो। सोही क्रममा ट्रकमा लोड रहेका खुद्रा सामानहरुको बिल शंकास्पद रहेकाले नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

बरामद सामग्रीको मूल्यांकन ३५ लाख ६२ हजार २ रुपैंया कायम गरिएको बारा प्रहरीले जनाएको छ।

सामग्रीसहितको ट्रक आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैयामा बुझाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

# पुल निर्माण नहुँदा ठेकेदार फेरिए



**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौर नगरपालिका-४ स्थित लालबकैया नदीको टिकुलिया घाटमा पुल बन्न लागेको १० वर्ष बितेको छ। निर्माणको ठेक्का पाएको पप्पु कन्स्ट्रक्सनले विभिन्न बहानामा कामै नगरी अलपत्र छाडेपछि सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले ठेक्का तोडेको थियो।

नयाँ ठेक्का लगाउँदा निर्माण कम्पनी फेरिएको छ । ठेकेदार फेरिए पनि पुलको अवस्था अहिले पनि जकथक नै छ। पुनः ठेक्का लागे पनि स्रोत सुनिश्चिता नभएपछि पुल निर्माणले गति लिन सकेको छैन।

वि.सं. २०७१ असार २९ मा लालबकैया पुल निर्माणको ठेक्का पाएको पप्पु कन्स्ट्रक्सनले १४ करोड ९३ लाख २७ हजार रुपैयाँमा सकारेको थियो। पप्पुले २०७५ असार २५ मा निर्माण सक्नुपर्ने थियो। विभिन्न बहाना बनाएर निर्माणको काम अलपत्र छाडेपछि सडक डिभिजन चन्द्रनिगाहपुरले २०७९ चैत्र ३ गते पुनः ठेक्का आह्वान गरेको छ। सडक डिभिजन कार्यालयका अनुसार श्री आजाद/दिपु एण्ड कम्पनी जेभी गरुडा रौतहटले २७ करोड ६६ लाख ८ हजार १७६ रुपैयाँमा पुलको ठेक्का सकारेको छ । नयाँ निर्माण कम्पनीले २०८० असार ६ गते सम्झौता गरी २०८१ चैत्र १ गते सक्नुपर्ने थियो। पप्पुलाई कालोसूचीमा राखिएपछि २०८० असार १५ गते कालोसूचीमा राखिएको थियो।

बजेट अभाव भन्दै ठेकेदारले काममा गति नदिँदा ठेक्का म्याद सकिए पनि काम पूरा भएको छैन । सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरका सूचना अधिकारी इन्जिनियर शिवनारायण साहले टिकुलियाघाट पुलको ठेक्का म्याद थप गर्ने तयारी भइरहेको जनाए।

हालसम्म अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चितता प्राप्त नभएकाले कामले गति लिन नसकेको सडक कार्यालयको दाबी छ । कार्यालयका अनुसार नयाँ ठेकेदारले सुपरस्ट्रक्चर, गडर र स्लाबको काम गर्नुपर्नेछ। पहिलो ठेक्कामा फाउन्डेसन र सबस्ट्रक्चरको काम गरेर अलपत्र छाडेपछि नयाँ ठेक्का लगाएको हो । निर्माणको काम सुरु गर्नुपर्ने बेला अर्थले स्रोतको सुनिश्चिता गर्न नसकेपछि दोस्रो ठेक्का सकारेको ठेकेदार रामसागर साउदसमेत अन्योलमा परेका छन्।

ठेकेदार कम्पनीले स्रोत निश्चित नभएसम्म काम गर्न मानेको छैन । कामले गति लिन सकेन र पुरानै अवस्था आउन लागेको भन्दै स्थानीयले नयाँ ठेकेदारविरुद्ध सामाजिक सञ्जालमा विरोध जनाइरहेका छन् । ठेकेदार राउतले सरकारले बजेट उपलब्ध गराउन नसकेपछि कामले तीव्रता नपाएको दाबी गरे।

लालबकैया नदीको पुल निर्माणको शिलान्यास तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले गरेका थिए। सुरुमा निर्माणको जिम्मा लिएको पप्पु कन्सट्रक्सनका सञ्चालक २०७४ मा जसपाबाट निर्वाचित संघीय सासंद हरिनारायण रौनियार थिए। राजनीतिमा सक्रिय भएपछि उनले कम्पनीको अध्यक्ष पद छाडेका थिए। सडक डिभिजनले पप्पु कन्सट्रक्सनलाई पटक/पटक काम थाल्न पत्राचार गर्दा पनि अटेर गरेपछि ठेक्का तोडेको डिभिजन प्रमुख अरुणकुमारलाल कर्णले बताए । २०७४ भदौ ९ मा लालबकैया नदीमा ठूलै बाढी आएको थियो । नदीपारिको खेतमा खेतीपातीको काम सकेर राति ७ बजेतिर डुंगा चढेर घर फर्कंदै गरेका स्थानीय २९ जना चढेको डुंगा अनियन्त्रित भएर निर्माणाधीन पुलको पिलरमा ठोक्किएर पल्टिएको थियो। उक्त घटनामा २४ जना पौडिएर बाँचेका थिए भने, ५ जनाको मृत्यु भएको थियो। त्यसपछि पुल निर्माण ढिलासुस्तीले दुर्घटना भएको भन्दै स्थानीले आन्दोलनसमेत गरे।

टिकुलियागाउँकाअधिकांशस्थानीयको खेतीपाती नदीपारी ईशनाथ नगरपालिकामा पर्छ। लालबकैयापारिका बन्जाराहा, औरैया, मठियालगायतका बासिन्दालाई सदरमुकाम गौर आउन कठिनाइ भएकोले यो पुलसँग धेरैको दैनिकी जोडिएको थियो । आफ्नै खेतमा जान डुंगाको जोखिमपूर्ण यात्रा गरेर नदी तर्नुपर्ने बाध्यता टुंगिने आशमा थिए। पप्पु कन्स्ट्रक्सनले काम अलपत्र छाडेकै कारण त्यतिबेला डुंगा दुर्घटनामा आमाले ज्यान गुमाएको स्थानीय रामबाबु साहले सुनाए।

# सहमति कार्यान्वयन गराउन सिंहदरबार धाउँदै



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको धनुषाधाम नगरपालिका- २ का योगेन्द्र ठाकुरको साउन १२ गते कुटपिटबाट हत्या भएपछि उनकी श्रीमती अहिले काठमाण्डुस्थित सिंहदरबार धाउँदै छिन् । न्यायका लागि उनी पटकपटक सिंहदरबारमा गुहार लगाउन श्रीमती श्यामु ठाकुर पुगिन्।

उनीहरूमाथि मिटरब्याजी शिवजी यादवको समूहले आक्रमण गरेको पीडित श्यामुको भनाइ छ। पीडित ठाकुर परिवारले शिवजी यादवबाट साढे ३ लाख ऋण लिएको थियो । साढे ३ लाखको ९ लाख रुपैयाँ फिर्ता गरिसक्दा पनि मिटरब्याजबाट मुक्ति पाउन नसकेकी उनले श्रीमान् पनि गुमाइन्।

योगेन्द्रको हत्यापछि प्रमुख जिल्ला अधिकारीको रोहबरमा आठबुँदे सहमति भएको थियो। सो सहमति कार्यान्वयन गराउन ठाकुर देहातबाट सिंहदरबार आइपुगेकी छन् । बुधबार अपराह्न उनी उपसभामुख इन्दिरा रानामगरको कार्यकक्षमा थिइन् । घटनाका बारेमा ब्रिफिङ गर्ने र सहमति कार्यान्वयनका लागि दबाब दिन अभियन्ता छेदिलाल पासवान र विनोद राम सँगै उनी पनि उपसभामुखको कार्यकक्षमा पुगेकी थिइन् । उनलाई आफ्नो ठाउँबाट सकेको सहयोग गर्ने भनेर रानामगरले आश्वस्त पारिन्।

मौखिक जानकारीपछिसमिति सभापति रामहरि खतिवडाले धनुषामा प्रशासनमा के भएको भनेर जानकारी लिए।

मृतक योगेन्द्रको जिउँदै आँखा निकालिएको, नाक काटिएको, मेरुदण्ड काटिएको थियो । मिटरब्याजी यादवबाट ३ लाख ५० रुपैयाँ ऋण लिएका थिए। ३ लाख ५० हजारको ९ लाख तिरिसक्दा पनि ऋणबाट मुक्ति पाएका छैनन्। दुई कट्ठा जमिन पनि यादवले कब्जा गरेका छन्।

योगेन्द्रको कुटपिटबाट हत्या भएको विरोधमा मिटरब्याजपीडित संघर्ष समितिले आन्दोलन गरेको थियो । १८ साउनमा समिति र स्थानीय प्रशासनबीच आठबुँदे सहमति भएको थियो । हत्या आरोपी मिटरब्याजी शिवजी यादवलगायतलाई तत्काल पक्राउ गरी अनुसन्धान गर्न गृह मन्त्रालयलाई अनुरोध गर्ने, कुटपिटबाट घाइते योगेन्द्रकी श्रीमती श्यामु ठाकुरको निःशुल्क उपचार गर्ने र उनलाई रोजगारीको व्यवस्था मिलाउने सहमति भएको थियो।

# स्थानीय तहमा विद्युतीय भुक्तानी प्रणाली शुरु

**टुडे समाचारदाता**

रौतहट । रौतहटको १८ वटै स्थानीय तहमा विद्युतीय भुक्तानी प्रणालीबाट आर्थिक कारोबार शुरु भएको छ । कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटका प्रमुख कोष नियन्त्रक देवी प्रसाद गौतमले विद्युतीय माध्यमबाट भुक्तानी गर्न सबै स्थानीय तहलाई निर्देशन दिएपछि १८ वटै पालिकाले कार्यान्वयनमा ल्याएको जानकारी दिए।

महालेखा नियन्त्रक कार्यालयले स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) मार्फत विद्युतीय कोष हस्तान्तरण गर्न सकिने प्रणाली २०७८ सालमै ल्याए पनि रौतहटमा यसको कार्यान्वयनको अवस्था फित्तलो रहेको थियो।

विद्युतीय माध्यमबाट वास्तविक समयमा भुक्तानी हुने साथै छिटो, छरितो, भरपर्दो भएकोले यसको प्रयोग गर्ने गरेको चन्द्रपुर नगरपालिका रौतहटका लेखा प्रमुख अर्पणा देवकोटाले बताए । विद्युतीय माध्यमबाट भुक्तानी गर्दा स्थानीय तहमा पारदर्शिता कायम गर्न सहयोग गर्ने भएकोले पनि चन्द्रपुर नगरपालिकाले यसको प्रयोग ३ वर्षदेखि गर्ने गरेको लेखा प्रमुख देवकोटाले बताए। सुशासन, वित्तीय अनुशासन र उत्तरदायित्व कायम गर्न सघाउ पुग्ने भएकोले विद्युतीय कारोबारको सुविधा नलिने स्थानीय तहको खाता समेत रोक्का गरेको कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख गौतमले बताए।

रौतहटको १८ स्थानीय तहमध्ये राजपुर नगरपालिका तथा यमुनामाइ गाउँपालिकाले विद्युतीय कारोबारको सुविधा नलिएको कारण दुबै स्थानीय तहको खाता रोक्का गरिएको थियो । हाल आएर रौतहटका सवै स्थानीय तहले विद्युतीय माध्यमबाट भुक्तानी सेवा शुरु गरेको र यसको प्रयोग गर्ने गरे/नगरेको अनुगमन समेत भइरहेको कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख गौतमले बताए।

# राजतन्त्रविरुद्ध र गणतन्त्रको पक्षमा प्रदर्शन



**टुडे समाचारदाता**

वीरगञ्ज । नेकपा एमालेले राजतन्त्रको विरोध गर्दै गणतन्त्रको पक्षमा वीरञ्जमा बुधबार शक्ति प्रदर्शन गरेको छ। राजतन्त्रविरुद्ध र गणतन्त्रको पक्षमा नेकपा एमाले पर्साले वीरगञ्ज महानगरमा बृहत मोटरसाइकल जुलुस निकालेर शक्ति प्रदर्शन गरेको छ।

बुधबार दिउँसो वीरगञ्जको पावरहाउस चोकबाट सुरू भएको एमालेको मोटरसाइकल ऱ्याली मुर्ली,घण्टाघर,रेल्वेरोड,छपकैया पुगेर त्यहाँबाट आदर्शनगर, घडिअर्वा हुँदै घण्टाघर चोकमा पुगेर कोणसभामा परिणत भएको थियो।

कोणसभामा बोल्दै नेकपा एमालेका केन्द्रीय सदस्य प्रभु हजराले पछिल्लो समय राजावादीहरू सल्बलाउन थालेकाले उनीहरूलाई खबरदारी गर्न आफूहरु सडकमा उत्रिनु परेको बताए।

पहिले राजतन्त्र हुँदा दरबारमा गएर पूर्वराजाको हड्डी चुस्न पल्किएका केहि मुट्ठीभर तत्वहरू अहिले राजतन्त्र फर्काउन सल्बलाउन थालेको उनले बताए। उनले भने,'पूर्वराजालाई म चेतावनी दिन चाहन्छु ,सावधान। यदि उक्साहटमा परेर धेरै चुर्पफुर गर्न थाल्यौं भने अब नेपाली जनताले सडकमा ल्याएर भकुण्डो खेलाए जस्तै खेलाउनेछन्।'

प्रतिनिधिसभा सदस्यसमेत रहेका हजराले नेपाली जनता गणतन्त्रको पक्षमा रहेकाले पूर्वराजा राजावादीको भुलभुलैयामा नपर्ने दाबी गरे।

# प्रशासन कार्यालयबाट बिचौलिया पक्राउ




**टुडे समाचारदाता**

सिरहा। सिरहाको जिल्ला प्रशासन कार्यालयबाट ६ जना बिचौलिया पक्राउ परेका छन्। मंगलबार प्रशासन कार्यालय परिसरबाटै ६ जनालाई नियन्त्रणमा लिएको सिरहा प्रहरीले जनाएको छ।

सेवाग्राहीलाई काम गराइदिने भन्दै अनावश्यक हैरानी दिने गरेको भन्ने सूचनाका आधारमा उनीहरूलाई नियन्त्रणमा लिइएको सिरहाका प्रहरी प्रवक्तासमेत रहेका डीएसपी वीरेन्द्रकुमार पासवानले जानकारी दिए। यस विषयमा अनुसन्धान भइरहेकोले अहिले नाम भने सार्वजनिक गर्न नमिल्ने उनले बताए।

जिल्ला प्रशासनका कर्मचारीको मिलेमतोमा सेवाग्राहीसँग उनीहरूले ठगी गर्दै रकम असुल्ने गरेका थिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८